# स्थानीय पाठ्यक्रम २०७६ को प्रारुप

## पृष्ठभूमि

शिक्षा प्रणाली सामाजिक व्यवस्थाको एउटा उप प्रणाली हो । यसले समाजलाई प्रत्यक्ष प्रभाव पार्दछ र आफू पनि प्रत्यक्ष प्रभावित हुन्छ । यही कारण समाज अनुकूल शिक्षा प्रणालीमा उपयुक्त शिक्षा प्रणालीले समाजको परिवर्तन र विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याउँछ । शिक्षा प्रणाली समय सन्दर्भ र राष्ट्रिय परिवेशको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको शैक्षिक गतिविधि हो । राष्ट्रिय उद्‌देश्य अनुरुप शैक्षिक गतिविधिलाई अगाडि बढाउन पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम भनेको विद्यालयद्वारा शैक्षिक उद्‌देश्य प्राप्तिका लागि सन्चालन गरिने योजना तथा कार्यक्रम हो । यसरी हेर्दा विद्यालयभित्र वा बाहिर निश्चित लक्ष्य उद्‌देश्य प्राप्तिका लागि विशिष्ट उद्‌देश्य, सम्भावित शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन समेटिएको कार्यक्रम नै पाठ्यक्रम हो ।

शिक्षा गतिशील हुन्छ यसले समाजको आवश्यकता राज्यले अङ्गीकार गरेको विशिष्ट राजनैतिक सोचको प्रतिविम्व पाठ्यक्रममा मुखरित भएको हुन्छ । नेपालमा शिक्षा बिकासको सन्दर्भ कोट्याउँदा रा.शि.प.यो २०२८ले विधिवत विकासक्रमको गोरेटो पहिल्याएको यथार्थ हाम्रा अगाडि प्रष्ट छ । समय समयमा शिक्षा सुधारका निम्ति २०३८ ,२०४९,२०५५ मा गठन भएका आयोगका प्रतिवेदनका आधारमा समसामयिक सुधार हुँदै आइरहेको सन्दर्भ उल्लेखनीय हुन आउँछ । मुलुकमा आएको राजनैतिक परिवर्तन अनुसार राज्यले निर्क्यौल गरेको नागरिक उत्पादन गर्न शिक्षाका समग्र उद्‌देश्यमा आवश्यकता अनुसार परिमार्जन भै समय सापेक्ष सुधारका गोरेटाहरु कारिने क्रम जारी छ । हाल लोकतान्त्रिक गणतान्त्रात्मक नेपालको स्थानीय सरकारले व्यवस्थापन गरिरहेको सन्दर्भमा नेपालको संबिधानद्वारा प्रदत्त अधिकारको आधारमा शिक्षाले स्थानीय सरोकारवालाहरुसंग सहकार्य गर्दै उनीहरुकै चाहाना र सहभागितामा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक,साँस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरु तथा सेरोफेरोमा महत्वपूर्ण स्थल एवं वस्तुहरुको जानकारी बिना शिक्षा अधुरो रहने यथार्थलाई आत्मसात गरेर बुटवल उपमहानगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माणको निम्ति एउटा कार्यदल गठन गरी मिति २०७५/०९/०२ मा कार्यदल लाई जिम्मेवारी सुम्पिएको हो । यो कार्यदलले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्ने सन्दर्भमा निम्नानुसारका विशेषताहरु अवलम्वन गरी कार्य सम्पादन गर्ने प्रयास गरेको छ ।

- केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा वर्तमान अवस्थामा प्रयोगमा ल्याइएका आधारभूत तहका सामाजिक र नेपाली विषयका पाठ्यक्रमहरुको सत्यापन verification गरी आवश्यकता अनुसार बिषयवस्तु छनौट गरी तहगत उद्‌देश्य निर्धारण गरिएको छ ।
- धार्मिक साँस्कृतिक विविधता भित्रको एकता बुटवल उपमहानगर पालिका भित्रको सौन्दयलाई प्रथमिकताका साथ पाठ्यक्रममा उठाइएको छ ।

- बुटवल र आसपासका क्षेत्रहरु पर्यटकीय आकर्षक केन्द्रको रुपमा रहेता पनि उचित प्रसार प्रसारको अभावमा ओझेलमा परेको हुँदा जितगढी किल्ला ,नुवाकोट किल्ला ,हिलपार्क ,पिसपार्क मणिमुकुन्द उद्यान लगायतका सुन्दर पर्यटकीय स्थानहरुलाई पाठ्यक्रममा महत्वपूर्ण स्थान दिइएको छ ।
- हाम्रो संस्कृति र सभ्यता तथा जनताका आस्थाको रुपमा रहेका बिभिन्न धार्मिक धामहरुलाई पाठ्यक्रमको स्तम्भको रुपमा ग्रहण गरिएको छ ।
- बुटवल नगर र सेरोफेरोका मठ मन्दिर ताल तलैया गुम्बा मस्जिद गुरुद्वारा चर्च आदिका आदर्शपनलाई पाठ्यक्रमले अङ्गीकार गरेको छ ।
- योग र प्राकृतिक चिकित्सा मानव स्वास्थ्यको निम्ति अनिवार्य आवश्यकता बन्न पुगेको आजको सन्दर्भमा पाठ्यक्रममा यिनीहरुलाई आत्मसात् गरिएको छ ।
- रामापिथेकस मानवावशेष क्षेत्रको प्रागैतिहासिक तथ्यलाई पाठ्यक्रममा उचित स्थान दिइएको छ ।
- नैतिक शिक्षा हाम्रा परम्परागत मूल्य र मान्यताहरुलाई पाठ्यक्रममा समावेश गरिएको छ ।
- समष्टिगत रुपमा बुटवल उपमहानगरपालिका अन्तर्गतका बिद्यालयहरुबाट आधारभूत तह उत्तीर्ण बिद्यार्थीले आन्तरिक वा वाह्य पर्यटकहरुलाई मार्गदर्शन गर्न सक्नेगरी पाठ्यक्रमको ब्यबस्थापन गर्ने जमर्को गरिएको छ ।

केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता र विषयवस्तु समेट्न नसकिरहेको वास्तविकताका आधारमा स्थानीय पाठ्यक्रम व्यवस्था गरिएको हो । पाठ्यक्रम निर्माण कार्य प्राज्ञिक मात्र नभएर प्राविधिक पनि हो । त्यसैले यो पाठ्यक्रम निर्माण गर्दा निम्न प्रकिया अपनाइएको छ :–

- बुटवल र यसअन्र्तगतका विषयवस्तुको आवश्यकता पहिचान तथा प्राथमिकी करणको निम्ति प्रश्नावली तयार गरी जनप्रतिनिधि ,समाजसेवी ,प्राध्यापक शिक्षक ,बिद्यार्थी,धार्मिक साँस्कृतिक संघ संस्थाका प्रतिनिधिहरुसंग प्रश्नावली भराई अध्ययन गरी बिषयबस्तुको प्राथमिकीकरण गरिएको छ ।
- बिभिन्न ठाँउको अध्ययन भ्रमण अन्तर्किया भेटघाट छलफलबाट प्राप्त जानकारीलाइ भरपुर उपयोग गरिएको छ ।
- पाठ्क्रम वालमनोविज्ञानमा आधारित हुन्छ भन्ने मान्यताका आधारमा तयार गर्ने प्रयास गरिएको छ ।
- बालबालिकाको उमेर कक्षा र तहगत रुपमा सिकाइस्तर फरक हुने हुँदा सो कुराको ख्यालगरी यसलाई तयार गर्ने प्रयास गरिएको छ ।
- छलफल प्रश्नावली अन्तर्कियाको आधारमा पाठ्यक्रमले निम्न क्षेत्रलाई मुख्य विषयवस्तु बनाएको छ :–

  १ बुटवलको सेरोफेरो

२ पर्यटकीय स्थलहरु

३ हाम्रो सँस्कृति

४ हाम्रो आस्था

५ संघ संस्थाहरु

६ योग

७ प्राकृतिक चिकित्सा तथा जडीबुटी ।

पाठ्यक्रममा सुधार निरन्तर रुपमा चलिरहने प्रक्रियाहो । समय शन्दर्भ अनुसार यसलाइ् अझ बढी प्रभावकारी बनाउदै लैजान शिक्षा संग समवद्ध विद्वान सरोकारवाला जनसमुदायहरुको रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम निर्माणको निम्ति यो कार्यदललाई जिम्मेबारी सुम्पनु भएकोमा नगर प्रमुख एवं बुटवल उपमहानगरपालिकालाइ् हार्दिक धन्यबाद ज्ञापन गर्दछौ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
बुटवल उपमहानगरपालिका

## शिक्षाको राष्ट्रिय उद्देश्य :

पाठ्यक्रममा व्यवस्था भए अनुसार शिक्षाको राष्ट्रिय उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१–प्रत्येक व्यक्तिमा अर्न्तनिहित प्रतिभा र व्यक्तित्व बिकासका सम्भावनाहरुलाई प्रस्फुटित गर्न सहयोग गर्ने ।

२– प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता सामाजिक मान्यता र आस्थाहरुको सम्वर्धन गरी जीवन्त अनुभवहरु समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान एवं नैतिकवान नागरिक तयार गर्ने ।

३–स्थानीय र राष्ट्रियस्तरका पेसा व्यवसाय एवं रोजगारीका साथै आवस्यकता अनुसार अन्तराष्ट्रिय रोजगार तर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने ।

४–व्यक्तिको सामाजिकीकरण मा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने ।

५–समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणको निम्ति मानव संसाधनको विकास गर्ने ।

६–प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण सदुपयोग गर्न सहयोग गर्दै पर्यटक प्रवर्धनमा सहयोग गर्ने नागरिक तयार गर्ने ।

७–सामाजिक समानता र न्याय बारे चिन्तन गर्दै तदनुसारको आचरण विकास गर्ने र समाबेशी समाज निर्माणमा मदत गर्ने ।

८–स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय परिबेश अनुसार शान्ति, मैत्री, सद्भाव सहिष्णुता र बिश्व वन्धुत्वको भावनाको विकास गरी तदनुरुपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनको लागि सक्षम नागरिक तयार गर्ने ।

९–आधुनिक सुचना प्रविधि संग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउदो दक्ष जनशक्ति तयार गर्ने ।

१०– राष्ट्र राष्ट्रियता लोकतन्त्र मानव अधिकार प्रति सम्मान गर्ने समालोचनात्मक तथा रचनात्मक सोच भएका मितव्ययी स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएकोमा गौरव गर्ने नागरिक तयार गर्ने ।

११–नेपाली कला सौन्दर्य अदर्श तथा व्रशिष्ठ्यहरुको संरक्षण संवर्धन विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

१२–प्राकृतिक एवं दैवी प्रकोप प्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने ।

१३–चार वर्ष उमेर पूरा नभएका बालबालिकाहरुलाई बाल बिकास केन्द्रबाट शारीरिक मानसिक वा बौद्धिक संवेगात्मक र सामाजिक विकास सम्वँधि शिक्षा दिन सकिने छ भने चारवर्ष पूरा भईसकेका बालबालिकालाई एक वर्षको पूर्व प्रथमिक शिक्षा प्रदान गरिने छ । विदालय शिक्षा प्ररम्भिक बाल बिकास देखि १२ कक्षा सम्म हुनेछ । यस प्रकारको शिक्षालाई निम्नानुसार व्यवस्थित गरिने छ ।

(क) आधारभूत तह ( प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म )

( ख) माध्यमिक तह -कक्षा ९ देखि १२ कक्षा सम्म ।

## आधारभूत तह स्थानीय पाठ्यकमको तहगत उद्देश्य

शिक्षाको राष्ट्रिय उद्देश्य लाई सहयोग पुग्ने गरी बुटवल नगरपालिकाको स्थानीय पाठ्यकमको आधारभूत तहमा निम्नानुसारका उद्देश्यहरु निर्धारण गरिएको छ । आधारभूत तहको अन्त्यमा बिद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुने छन् ।

- बुटवल र आसपासका पर्यटकीय स्थलहरु जितगढी नुवाकोटकिल्ला ,मणिमु कुन्दसेन उद्यान, रामापिथेकस मानबाशेष क्षेत्र, नरैनापुर मन्दिर मेला, बिश्व शान्तिको पर्यायबाची क्षेत्र लुम्बिनी ,पिस पार्क ,मिलन पार्क,हिल पार्क तथा जगदिशपुर तालको परिचय र महत्व बताउन ।
- बिभिन्न जात जाती र उनीहरुको संस्कृतिको ब्याख्या गर्न ।

- बिभिन्न धार्मिक धामहरु : सिद्धबाबा धाम,मुक्तिनाथ धाम,निलकण्ठ धाम, बोलबम धामको परिचय र महत्व बताउन ।
- बुटवल स्थित मुख्य मुख्य संघ संस्थाहरु  बुटवल उद्योग बाणिज्य संघ ,बुटवल ब्यपारु संघ, लायन्स क्लब , रोटरी क्लब ,लियो क्लबको महत्व बताउन ।
- बर्तमान शन्दर्भमा लोकप्रिय हुदै गएको प्राकृतिक चिकित्सा पद्धतिको परिचय र यसको महत्व बताउन ।
- स्थानीय जडीबुटी को परिचय र यसको महत्व बताउन ।
- बुटवलको नामाकरण इतिहास भूगोल र ब्यापारिक केन्द्रको रुपमा यथेष्ट परिचय दिन ।
- योगलाई आत्मसात् गर्दै यसलाई जीवन पद्धतिको एक अङ्ग बनाउन ।अनेकता भित्रको एकता बिबिधता भित्रको सौहार्दता बुटवलको बिशेषता भन्ने भनाइलाई  ब्याख्या गर्न ।

**स्थानीय पाठ्यक्रमसंग सम्वनिधत अङ्गहरु**

१ –परिचय तथा प्रारुप
२–सिकाइ उपलिब्ध/ विशिष्ट उद्देश्य
३–विषयवस्तुको क्षेत्र तथा क्रम
४–विषयवस्तुको विस्तृतीकरण
५–सम्भावित शिक्षण सिकाइ प्रकिया
६–सम्भावित विद्यार्थी मूल्याङ्कन प्रकिया

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | अग्लो ठाँउ<br>होचो ठाँउ<br>सम्म ठाँउ | हिमाल<br>पहाड<br>तराइ | बैठहवा,<br>गैडहवा र गजेडी ताल | तिलौराकोट शुद्धोधनको दरबार<br>बुद्धमावली भवानीपुर देवदह | बुटवल एक व्यापारिक केन्द्र<br>बढ्दो शहरीकरण | तिनाउको सभ्यताको महत्व | बुटवलको हावा पानी र जनजीवन | बुटवलको अवस्थिति, चुरे पहाड यसको महत्व र संरक्षण |
| हाम्रा पर्यटन स्थलहरु | सफा ठाँउ र फोहर ठाँउ ,<br>हाम्रादेशका मानिसहरु,अन्य देशका मानिसहरु | मेलामा जाने<br>हेरेर ठाउको नाम भन्ने | को हुन पर्यटकहरु<br>मिलन पार्क | पर्यटकले हेर्न चाहने ठाउँ हरु<br>पीस पार्क | पर्यटन आम्दानीको स्रोत<br>नरैनापुर शिबरात्री मेला<br>जितगढी किल्ला | पर्यटन हाम्रो गौरव<br>लुम्बिनी | जगदीशपुर ताल<br>हिल पार्क | रामापिथेकस<br>मानबाबशेष क्षेत्र,<br>नुवाकोट किल्ला<br>मणिमुकुन्द सेन उद्यान |
| हाम्रो धर्म र संस्कृति | नयाँठाउमा जाने<br>नाच्ने<br>गाँउने<br>मीठो खाने , | संख्यामा होउ खेल<br>मुसो बिरालो खेल | हाम्रा रमाइला दिनहरु<br>तीज<br>ईद | संस्कृति<br>गाइजात्रा<br>ल्होसार , | सांस्कृतिक समावेशी<br>बडकी आइतबार<br>होली | हाम्रो सांस्कृतिक बिशेषता<br>रक्षाबन्धन<br>छठ | हाम्रो सभ्यता | मणिमुकुन्द सेन उद्यान<br>माघी<br>म्हपूजा |
| हाम्रो आस्था | आफ्नो र साथीको नाम<br>घर, छिमेकको नाम भन्ने | परिवारका सदस्यको नाम,<br>परिवारका सदस्यको काम<br>परिवारिक सहयोग | परोपकार , गर्नहुने र गर्न नहुने कुराहरु<br>(Dos and donts ) | हिन्दू धर्म का १६ संस्कार | बौद्धधर्म | इस्लाम धर्म | क्रिश्चियन धर्म | लोकायत दर्शन |
| संघ संस्था हरु | मेरो घरका परिवारहरु<br>साथीको घरपरिवार | बाबाले काम गर्ने ठाउ ,<br>ज्यामी कामगर्ने मानिसहरु | नेपाल रेडक्रस,<br>स्काउट | आमा समूह, परिवार नियोजन संघ , नेपाल पत्रकार महासघ | बुटवल टेक्निकल इस्टिच्यूट , नेपाल कोरिया प्रशिक्षण केन्द,<br>प्रादेशिक अस्पताल | रोटरी क्लब<br>लायन्स क्लब<br>जेसिस रुपनदेही<br>लियो क्लब | बुटवलका विशेष बिद्यालयहरु | नीलकण्ठ धाम,<br>मुक्तिनाथ धाम ,<br>सिद्धबाबाधाम,<br>बोलबम धाम |
| योग | हास्ने<br>बस्ने<br>उठ्ने<br>खेल्ने | कवाज<br>व्यायाम | योग<br>योगका फाइदाहरु | योगका सामान्य नियमहरु, प्राणायाम | योगको प्रकार<br>योगको समय | केही योगासनको परिचय महत्व र अभ्यास | केही योगासनको परिचय महत्व र अभ्यास | केही योगासनको परिचय महत्व र अभ्यास |
| प्राकृतिक चिकित्सा पद्धति एवं जडिबुटी | प्राकृतिक जडिबुटीको पहिचान गरी नाम भन्न | प्राकृतिक जडिबुटीको पहिचान गरी नाम भन्न | प्राकृतिक जडिबुटीको पहिचान गरी नाम भन्न | प्राकृतिक चिकित्सा पद्धतिको परिभाषा र विशेषता<br>जडिबुटी | खानपिन र उपवास<br>जडिबुटी | माटो द्वारा उपचार<br>जलद्वारा उपचार<br>जडिबुटी | वायुद्वारा उपचार<br>चुम्बक द्वारा उपचार<br>जडिबुटी | एक्युपङ्चर<br>एक्युप्रेसर |

## विषयवस्तुको विस्तृतीकरण

### कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | ठाँउ हेरेर अग्लो होँचो र समतल भूमि छुट्याउन | अग्लो ठाँउको पहिचान, होच ो ठाँउको पहिचान,,समतल भूमिको पहिचान | शिक्षकले वालवालिकाहरुलाई नजिकको अग्लो ठाँउमा लैजाने र अग्लो ठाँउमा आएको कुरा बताउने । अग्लो ठाँउमा आउँदाकस्तो लाग्यो प्रश्नोत्तर विधिको आधारमा छलफल गरी वालवालिकाहरुलाई स्पष्ट पारिदिने । तिनै वालवालिकाहरुलाई समतल भूमिमा लैजाने र कस्तो लाग्यो भन्न लगाउने । छलफलमा सबै वालवालिकाहरुलाई सरिक गराउने प्रयास गर्ने, भन्न उत्प्रेरित गर्ने हौसला दिने ,समतलभूमिको जानकारी गराउने । एवं रीतले होंचो ठाँउमा वालवालिकाहरुलाई लैजाने । होंचो ठाँउमा आउँदा कस्तो लाग्यो ? वालवालिकाहरु संग छलफल कुराकानीकासाथ स्पष्ट गरिदिने । | अग्लो ठाँउलाई के भनिन्छ ? समतल भूमिलाई के भनिन्छ ? होचोठाँउ भनेको कस्तो ठाँउ हो ? | ८ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | कक्षा भित्र र बाहिरका सफा ठाउँ र मैला ठाँउ छुट्याउन | सफा र मैलाको अबधारणा। सफा ठाउँ र मैला ठाउँको अर्थ। सफा कक्षा छुट्याउन । मैला कक्षा छुट्याउन । कक्षा बाहिरको सफा र मैला ठाउँ भन्न , छुट्याउन। | सफा बालबालिका र मैला बालबालिकाको तस्बिर प्रस्तुत गर्ने । कुन राम्रो लाग्छ ? प्रश्न गर्ने । कक्षा सफा रहे नरहेको प्रश्न गर्ने । कक्षा बाहिर अबलोकन गर्न लगी उनीहरुलाई नै सफा र मैला छुट्याउन लगाउने । | कुन चित्र सफा छ ? कुन चित्र मैला छ ? कक्षाबाहिर कुन ठाउ सफा छ ? कक्षाबाहिर कुन ठाउ मैला छ ? | ८ |
| | हाम्रो देशको मानिस चित्र हेरी भन्न | नेपाली पहिरनका मानिसका चित्र हेरी नेपाली मानिस भन्न । महिला पुरुषका अलग अलग तस्बिरहरु छुट्याउन। | नेपाली पहिरनका मानिसहरुको तस्बिर टास्ने र को हुन् ? सोध्ने। उपयुक्त शब्दोच्चारण गर्ने गराउने। चित्र देखाई पुरुष महिला को हुन् सोध्ने र लिङ्गसमेतको जानकारी दिने। | तस्बिरमा देखाइएका मानिसहरु को हुन् ? को पुरुष र को महिला हो ? उनीहरुले लगाउने कुनै एक दुई लुगाको नाम के हो ? सोध्ने । | ८ |
| | अर्को देशका मानिस चित्र हेरी भन्न | थरि थरिका विदेशी नागरिकहरुका चित्रहेरी अन्य देशका मानिस हुन् भनी पहिचान गर्ने। | थरि थरिका मानिसहरुका चित्र प्रस्तुत गर्ने । चित्रका कुराहरु भन्न लगाउने। चित्रको विषयमा छलफल गर्ने वातावरण तयार गर्ने । आपसमा चित्रको बिषयमा छलफल गर्न अभिप्रेरित गर्ने । विदेशी शब्दोच्चारण गर्न लगाउने। | चित्रमा के देखाइएको छ ? यी मानिसहरु देशी विदेशी को होलान् ? विदेशी कस्ता मानिसलाई भन्दछन् ? "विदेशी "शब्द भन। | ८ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भाबित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | आफूघर देखि बाहिर कहाँ गएको हो भन्न | नजिक र टाढाको ठाउँ भन्न ।<br>घर देखि पर गएको कुरा भन्न ।<br>घरदेखि पर जादा रमाइलोको अनुभव भन्न | नजिक र टाढाको दृश्य भएको चित्र देखाउने ।<br>नजिक टाढा रहेका बस्तुहरु बताउने ।<br>घरदेखि पर गए नगएको भन्न लगाउने।<br>परजादा हुने रमाइलोको अनुभव भन्न लगाउने । | चित्रमा कुन टाढा छ ?<br>चित्रमा कुन नजिक छ ?<br>घरदेखि पर को को गएका छौ ?<br>घर बाहिर अलि पर जादा रमाईलो हुन्छ कि नरमाइलो ? | ७ |
| | शिक्षकले दिएको सजिलो बाल गीत गाउन र बाल नृत्यमा रमाउन । | सजिला सजिला बाल गीत गाउन ।<br>नाच्न ।<br>शिक्षकले मोबाइल ल्यापटपमा देखाएको गीत र नाचमा रमाउन । | शिक्षकले बाल गीत गाउने ।<br>कसले गाउछ भनी बालबालिकालाई सोधी इच्छुकलाई गाउन लगाउने ।<br>दुइजनालाई संगै गाउन लगाउने ।<br>सामूहिक रुपमा गाउन लगाउने ।<br>शिक्षक स्वयम् नाच्ने र नाच्न चाहने लाई नचाउने नाच्न लगाउने । | गीत गाउन जान्दछौ ?<br>एउटा आफूले जानेको गीत सुनाउ ।<br>दुबै जनाले सगै गाउ है ।<br>तिमी नाच्न जान्दछौ ?<br>साथीसंगै नाच ल ।<br>नाच गान हेरेर शिक्षकले मूल्याङ्कन गर्ने<br>। | ११ |
| | मिठो चोखो खाने उत्सवको नाम भन्न । | मिठो र नमिठो खाने कुराको नाम भन्न ।<br>मिठो खान पाइने उत्सवहरुको नाम भन्न । | शिक्षकले मिठा र नमिठा खाद्य वस्तुका तस्बिर प्रस्तुत गर्ने ।<br>कुन कुन मिठो हुन्छ छुट्याउन लगाउने।<br>जन्मोत्सबको दिन कस्तो खाना खाने गरिन्छ ?बताउने ।<br>अरु कुन कुन दिनमा खानामा मीठा परिकारहरु बनाएर खाने कोशिस गर्दछौ बताउने । | तीन वटा मीठा खाने कुराको नाम भन<br>जन्मोत्समा के के खाने गरेका छौ ?<br>अरु कुनकुन दिनमा राम्रो मिठो खान पाइन्छ ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | आफ्नो नाम बताउन | आफ्नो छोटकरी नाम भन्नः कमल,गीता,अब्दुल , पेमा आदि । आफ्नो पूरा नाम बताउन :कमल छेत्री, गीता चौधरी,अब्दुल रहिम ,पेमा लामा,सन्जु परियार । | शिक्षकले कुनै बिद्यार्थीको नाम भन्ने र उठ्न लगाउने । आआफ्नो नाम भन्न लगाउने । पुरानाम भन्न प्रोसाहित गर्ने :बिश्वास बि.क.रीता चौधरी । द्रष्टव्यः नाम समाबेशीताको आधारमा सोधिनु पर्ने छ । | तिम्रो नाम के हो ? तिम्रो पूरा नाम केहो ? | ७ |
| | साथीको छोटकरी र पूरा नाम भन्न । | साथीको छोटकरी र पूरा नाम बताउन । | शिक्षकले कुनै एक बिद्यार्थीको छोटकरी नाम जस्तै प्रतिक उच्चारण गर्ने र उठ्न लगाउने । अन्य भिन्न भिन्न नाम उच्चारण गरी उठ्न लगाउने । कुनै साथीको पूरा नाम उच्चारण गर्ने र सबैलाई उच्चारण गर्न लगाउने । दुइ साथीको जोडी बनाइ एकले अर्काको नाम पटक पटक उच्चारण गर्न लगाउने । | तिमी संगैको साथी को छोटकरी नाम भन । औंलाको संकेतले देखाउदै यो साथीको पूरा नाम के होला भन त । | ७ |
| | आफ्नो गाँउको नाम भन्न | आ–आफ्नो गाँउको नाम बताउन चित्र हेरी आ–आफ्नो गाउँ चिन्न । | शिक्षकले गाँउको चित्र प्रदर्शन गने चित्रमा केके देखिन्छ बालबालिका लाई सोध्ने शिक्षकले गाउँको नाम बताइदिन बालबालिकालाई ३/४ पटक उच्चारण गर्न लगाउने ।अलग अलग बिद्यार्थीलाई आ–आफ्नो गाउँको नाम भन्न उत्प्रेरित गर्ने । | चित्रमा के के देखिएको छ ? यो चित्र कुन गाँउको हो ? आफ्नो गाँउको नाम भन । तिम्रो साथी श्यामको गााउँको नाम भन । | ७ |

# विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ संस्थाहरु | आफ्नो घरमा भएका पारिवारिक नाता बताउन । | आफ्नो घरमा को को परिवार रहनु हुन्छ बताउन ।<br>एक अर्काबिचको पारिवारिक नाता आमा,बाबु, दाज ु,दिदी आदि बताउन । | शिक्षकले आफ्नो परिवारमा भएका सबै सदस्यहरु बालबालिकाले बुझ्ने गरी बताइदिने ।<br>शिक्षकले कुनै जानेका बालबालिकाको परिवारका सदस्यहरु बताइदिने ।<br>बालबलिकाहरुलाई उनको परिवारमा को को छन् भनी सोध्ने ?<br>एक अर्का बिचको नाता समबन्ध बताइदिने :बाबु छोरी,दिदी भाइ,काका काकी आदि । | तिम्रो घरमा को को हुनुहुन्छ भन ।<br>तिम्रो दाजुले आमालाई के भन्नु हुन्छ ? | ७ |
| | साथीको घरमा भएका पारिवारिक सदस्य बताउन | साथीको बाबा आमा भन्न ।<br>साथीको एक दुईवटा पारिवारिक नाता बताउन ।<br>साथीको नातापाता साथीलाईनै सोधेर बताउन । | शिक्षकलेएकजना बिद्यार्थीलाई लक्षित गरी तिम्रो घरमा ठूलो मान्छे आमा ,बाबा हुनुहुन्छ भनी सोधने ?<br>आमा र बाबालाई पटक पटक उच्चारण गर्न लगाउने ।<br>बालबालिकालाई साथीको घरमा को को हुनुहुन्छ भनी सोध्न लगाउने ।<br>साथीका नाताहरु भन्न लगाउने । | साथीको घरमा को को हुनुहुन्छ ?<br>साथीले आफ्ना घरका सदस्यहरुलाई के के भनी बोलाउछन् ? | ८ |

## विषयबस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भाबित मूल्याङ्कन पकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| योग | अभिनयमा हास्ने अभ्यास गर्न | शिक्षकबाट प्रस्तुतअभिनयलाई बुझ्ने कोसिशगर्न । अभिनयमा बालबालिकले आफ्नो प्रतिकिया हासो व्यक्त गर्न । | शिक्षकबाट एक बालहास्य अभिनय छोटो प्रस्तुत गर्ने । बालबालिकालाई अभिनय गर्न अभिप्रेरित गर्ने । अभिनयगर्न चाहानेबालबालिकालाईअनकूल बाताबरण बनाइदिने । शिक्षकले अभिनयको आधारमा हासो प्रस्तुत गर्ने । बिद्यार्थीको हासो लाई अझ अभिप्रेरित गर्ने । | शिक्षकले अबलोकनको आधारमा बिद्यार्थीको हासोको मूल्याङ्कन गर्ने । | ८ |
| | उठबसकिया सहजै गर्न | निर्देशनानुसार उठ्न र बस्न । छिटो छिटो उठ्न र बस्न । कमिक रुपमा उठ् बसको बारम्बारता वृद्धि गर्न । | शिक्षक स्वयंले कक्षा अगाडि उठ्ने बस्ने गरेर देखाउने । बालबालिकालाई उठबस गर्न लगाई अभ्यास गर्न लगाउने । छिटो छिटो उठ्बस गर्न लगाउने । उठ्बसको बारमबारतामा वृद्धि गराउर्ने । | प्रत्येक बालबालिकाले उठ्बस गरेको अबलोकन गरेर मूल्याङ्कन गर्ने । छिटो छिटो उठ्बस गर्न सके नसकेको अवलोकन विधिबाट मूल्याङ्कन गर्ने । | ८ |
| | सरल बाल खेलमा भाग लिन | रुमाल लुकाउने खेल खेल्न । अन्य बालोचित सरल खेल खेल्न । | शिक्षकले सबै बालबालिकाहरुलाई कक्षा बाहिर चउरमा गोलाकार रुपमा बस्न सहजीकरण गर्ने ।खेलको सामान्य नियम | अवलोकन विधि बाट बालबालिकाले खेल खेल्न सके नसकेको हेरी मूल्याङ्कन गर्ने । | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बताइदिने ।रुमाल लुकाउने खेल खेलाउने । अन्य समय शन्दर्भ र स्थानीय तहमा प्रचलित बालोचित खेल खेलाउने । | | |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा १

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडिबुटी | प्राकृतिक जडीबुटीहरु पहिचान गरी तिनको नाम उच्चारण गर्न । | नजिकका स्थानीय तहमा उपलब्ध हुने जडिबुटी हेरी चिन्न र नाम भन्न । | शिक्षकले स्थानीय तहमा उपलब्ध हुने जडी बुटीहरु :घोडटाप्रे, अपामार्ग ,बोझो, घ्यूकुमारी ,आदि हुने स्थानमा बालबालिकालाई चिनाउने र नाम भन्न लगाउने ।<br>अभ्यास स्वरुप अलग अलग बालबालिकालाई निश्चित जडी बुटी देखाई नाम भन्न लगाउने र अभ्यास समेत गराउने । | घ्यूकुमारी कस्तो आकारको हुन्छ ? तिमीले जानेका कुनै ३ वटा जडी बुटीको नाम भन । | ११ |

जम्मा १२८

विषयवस्तुको विस्तृतीकरण

कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | नक्सा हेरेर हिमाल पहाड र तराइ क्षेत्र छुट्याउन | हिमालको परिचय<br>पहाडको परिचय<br>तराईको परिचय | नेपालको प्राकृतिक नक्सा प्रदर्शन गरी हिमरेखा भन्दा माथिको हिवैं हिउले ढाकेकोभागलाई हिमााल भनिन्छ भनी जानकारी दिने ।<br>वालवालिकाहरुलाई प्राकृतिक नक्साकै आधारमा पहाड कहाँ छ छलफल गर्ने।<br>कस्तो ठाँउलाईृ पहाड भनिन्छ प्रश्नोत्तर विधिबाट स्पष्ट पार्ने ।<br>हामी अहिले बसीरहेको ठाँउ कस्तो ठाँउहो ? समतल भू भाग हामी बसेकै ठाँउ तराई हो भनी बताउदै प्राकृतिक नक्सामा संकेत गर्ने । | हिवैं हिउले ढाकेको ठाँउलाई के भनिन्छ ?<br>नक्सामा पहाड कहा छ? देखाउन सक्छौ ? | ८ |

# विषयवस्तुको विस्तृतीकरण

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भाति मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | मेलामा जादा सामान्य सतर्कताका कुरा बताउन । | नजिकको मेलामा जादा होशियारी अपनाउन ।<br>मेलामा हराइएमा जानकारी गर्नु पर्ने कुराहरु । | शिक्षकले हाटबजार या प्रदर्शनीमा मेलामा जादा अपनाउनु पर्ने कुराहरुप्रश्नोत्तर बिधिबाट बालबालिकालाई स्पष्ट पार्ने ।<br>अलग अलग बालबालिकाहरुलाई मेलामा जादा अपनाउनु पर्ने होसियारीका कुरा भन्न लगाउने ।<br>नजिकको बजार या प्रदर्शनीमा लैजाने ।<br>बजार या प्रदर्शनीमा भएका कुराहरु बारे छलफल गराउने । | बजार या मेलामा जादा अपनाउन पर्ने सतर्कताका कुराहरु मध्ये कुनै ३ बटा बताउ ।<br>बजारमा आमा बाबु साथीभाईहरु को वास्ता नगरीकन हिड्दा के हुन सक्दछ ?<br>बजारमा सबै भन्दा राम्रो बस्तु कुन लाग्यो ? | ९ |
| | प्राकृतिक नक्साहेरेर अग्लो होचो र समथर ठाउ बताउन । | प्राकृतिक नक्सामा अग्लो होचो र समथर ठाउ छुट्याउन । | शिक्षकले बालबालिकाहरुलाई प्राकृतिक ठूलो नक्सा देखाउने र के के देखिन्छ सोध्ने ?<br>अग्लो हिमाल पहाड र समथर भूमिको राम्ररी परिचय दिने ।<br>नक्सामा समथर ठाउ, हिमाल जंगल कहा कहा छन् ? बालबालिकाहरु लाई प्रश्न गरी उत्तर खोज्ने प्रयास गर्ने ।, | नक्सामा के के देखियो ?<br>कस्तो ठाउ बढी रमाइलो लाग्छ ?<br>हिमाल कुनहो बताउ ?<br>पहाड कुन हो बताउ ? | ९ |
| | पहिरनको आधारमा हिमाली पहाडी र मधेशी मानिसहरु बताउन । | नक्सामा देखाइएको भौगोलिक फरक पहिरनको आधारमा हेरेर हिमाली पहाडी र मधेशी छुट्याउन । | हिमाली पहाडी र मधेशी पहिरन भएको भौगोलिक नक्सा प्रदर्शन गर्ने ।<br>सबै भन्दा अग्लो ठाउमा बस्ने मानिसलाई के भनिन्छ ? बालबालिकालाई सोध्ने । | हिमालमा बस्ने मानसहरुको पहिरन कस्तो हुन्छ ?<br>पहाडमा बस्ने मानिसलाई के भनिन्छ ? | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाक्ला लुगा निरन्तर लगाउने मानिसहरु पहिल्याउन । | बिचको भागमा बस्ने मानिसलाई के भनिन्छ ? सोध्दै जाने प्राप्त उत्तरबोर्डमा टिप्दै जाने समथर ठाउमा बस्ने मानिस हरु को होलान् प्राप्त उत्तर बोर्डमा टिप्ने र छलफल गराई निष्कर्षमा पुग्ने । | | |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन पकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | संख्यामा होउ खेल खेल्न | समूहमा जम्मा भए पछि शिक्षकको निर्देशन अनुसार संख्यामा आबद्ध हुन ।<br>खेलका नियमहरु पालना गर्न ।<br>मनपरि गर्न नहुने कुरा बताउन । | शिक्षकले सबै बालबालिकाहरुलाई खुला चउरमा जम्मा गर्नु अघि कक्षामा संख्यामा होउ भन्ने खेल सम्बन्धि जानकार्री दिने ।<br>चउरमा बालबालिकालाई लगीसके पछि शिक्षक आफू समेत संलग्न भई एउटा अभ्यास खेल खेल्ने खेलाउने ।<br>सबै बालबालिकाहरुलाई नयाँ खेलको लागि तयार रहन उत्प्रेरित गर्ने ।<br>शिक्षकले सबै बालबालिकाले थाहा पाउने गरी निर्देशन दिने ३ ४ ५ ।<br>यी संख्यामा आबद्ध हुन नसक्ने बालबालिकाहरु निस्काशन गर्ने ,एबं रीतले खेल सम्पन्न गर्ने । | संख्यामा होउ भन्दा तिमीले के गर्नु पर्दछ ?<br>कोहि कोहि साथीहरु खेलबाट पहिलै किन बाहिरिनछन् ?<br>यो खेल कस्तो लाग्यो ? | ९ |
| | मुसो र बिरालो खेल खेल्न | मुसो र बिरालोको भूमिकामा खेल खेल्न ।<br>खेलमा सतर्कता अपनाउन ।<br>खेल रोचक बनाउन । | शिक्षकले कक्षामा मुसो र बिरालो खेलको नियम बताउने ।<br>संपूर्ण बालबालिकाहरुलाई चउरमा लगी मुसो र बिरालोको भूमिका निर्बाह गर्न | मुसो समात्न बिरालोले के गर्नु पर्दछ ?<br>मुसोले आफ्नो ज्यान जोगाउन के के गर्नु पर्दछ ? | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चाहाने बालबालिकालाई अगाडि ल्याई रुमालले आखा छोप्न सघाउने । गोलो घेरामा नियमानुसार खेल खेलाउने । अन्य बालबालिकाहरुलाई सहभागी गराउन प्रोत्साहित गर्ने । | यो खेल कस्तो लाग्यो ? | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्‌देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | परिवारका सबै सदस्यहरुको नाम लेख्न । | आ आफ्ना परिवारका भएका सबै सदस्यहरुको नाम लेख्न । आ आफ्ना परिवारका भएका सबै सदस्यहरुको नाम भन्न । परिवारमा थोरै , धेरै सदस्य हुन्छन् भनी बताउन । | शिक्षकले उदाहरणकारुपमा आफ्ना घरपरिवारमा भएका सदस्यहरुको नाता बताउने : बुबा आमा छोरा छोरी । शिक्षकले अलग अलग बालबालिकाहरुलाई आ आफ्ना घरमा भएका नाता बताउन भन्ने । बताएका नामहरु शिक्षकले बोर्डमा टिपदै जानेछोरा राम चौधरी ,छोरी संगिता परियार,भाइ चेतन कार्की आदि । सबै बालबालिकाहरुलाई लेख्न लगाउने र शिक्षकले लेखाइमा सहजीकरण गर्ने । | आफ्ना घरमा भएका कुनै २ सदस्यहरुको नाम लेख । लेख्न सके नसकेको मूल्याङ्कन शिक्षकले अवलोकनविधि बाट गर्ने । | ९ |
| | परिवारका सबै सदस्यहरुले अलग अलग काम गर्दछन् भन्ने कुरा बताउन । | आ आफ्ना घर परिवारका सबै सदस्यहरुले अलग अलग प्रकारका काम गर्दछन् भन्ने कुरा अभिव्यक्त गर्न । सानाले साना काम र ठूलाले ठूलोकाम गर्ने कुरा बताउन । | शिक्षकले अलग अलग बालबालिकाहरुलाई बाबा,आमा, दाजु,दिदी हरुले के के काम गर्नु हुनछ भनी सोध्ने । बिभिन्न सदस्यहरुले बिबिध काम गर्ने व्यहोराको जानकारी बालबालिकालाई दिने। सबै बालबालिकाहरुलाई आ आफ्नो घरमा सबै सदस्यहरुले के के काम गर्नु हुन्छ ? लेख्न लगाउने , शिक्षकले | तिम्रो बाबाले के काम गर्नु हुन्छ। तिम्रो आमाले के काम गर्नु हुन्छ। तिम्रो दाजुले के काम गर्नु हुन्छ ? | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहजीकरण गर्नृ । | | |
| | घर परिवारमा सबैले एकअर्कालाइृ सघाउने मायाँ गर्ने गर्छन् भन्ने कुरा बताउन । | घर परिवारमा हुने सहयोग र मायाँलाई आ आफ्नो शब्दमा व्यक्त गर्न । | शिक्षकले कुनै बिद्यार्थी लाई सोध्ने । आमाले तिमीलाई कुन कुन काममा सघाउनु हुन्छ ? तिमीले आमालाई कसरी सघाउछौ ? बालबालिकालाई कुरागर्न अनुकुल सहज बाताबरण सिर्जना गर्ने । छलफ्लकै आधारमा एक आपसमा परिवारका सदस्यहरु बिच सहयोग हुने कुराको जानकारी बालबालिकालाई दिने । ससाना बालबालिकाहरुलाई मायाँ गर्नु पर्दछ भन्ने कुरा स्वयं शिक्षकको ब्यबहार बाबु , तपाई जस्ताबोली चालीको प्रयोग गरी अभ्यस्त बनाउने । प्रश्न सोध्दा कुराकानी गर्दा मायाँ झल्किने शब्द र मुस्कानको प्रयोग गर्ने । | तिमीले आमालाई कुन कुन कुरामा सघाउछौ , आमाले तिमीलाई के कुरामा सघाउनु हुन्छ ? तिमीलाई बाबाले के भनी बोलाउनु हुन्छ ? | ९ |

**विषयवस्तुको विस्तृतीकरण**
**कक्षा २**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भाति मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ संस्थाहरु | बाबाले गर्ने काम बताउन | आ आफ्ना बाबा आमाले गर्ने काम बताउन काम गरिने सरकारी निकाय र संघ संस्थाको सामान्य परिचय । | शिक्षकले बालबालिकाका आमा बाबाहरुले कहाँ कहाँ े काम गर्नु हुन्छ भनी बिद्यार्थी लाई बताउन भन्ने । बालबालिकाबाट प्राप्त बिभिन्न उत्तरलाई समेट्दै संघ संस्थाको अबधारणा सामान्य भाषामा दिने । मानिसहरुले काम गर्ने बिभिन्न संघ संस्थाहरु हुन्छन् भन्नेकुरा | तिम्रो बाबाले कहाँ काम गर्नु हुन्छ? तिम्रो आमाले कहाँ काम गर्नु हुन्छ? कुनै २ वटा संस्थाको नाम बताउ । | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उच्चारण सहित बोड्मा लेखिदिने तथा पालै पालो पढ्न लगाउने । | | |
| | ज्यामी काम गर्ने मानिसको काम बताउन । | बिभिन्न ज्यामीहरुले गर्ने काम बताउन । | बिभिन्न मानिसहरुले थरि थरिका काम गर्दछन् भनने कुरा उदाहरण सहित बालबालिकाका अगाडि प्रस्तुत गर्ने ।<br>काम गरेबापत मैनाबारी तलब ,दैनिक ज्यालास्वरुप रकम पाइने कुरा जानकारी दिने ।<br>ज्यामीहरु धेरै थरी हुन्छन् भन्नेकुरा जानकारी दिने । | सिकर्मीले के के काम गर्दछन् ?<br>डकर्मीले के के काम गर्दछन् ?<br>खेतमा धान रोप्ने खेतालालाई के भनिन्छ ? | |



## विषयवस्तुको विस्तृतीकरण

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| **योग** | कवाजका आधारभूत विधिहरुअभ्यास गर्न । | समूहमा बालबालिकाहरुले कवाजका आधारभूत तरिकाहरु अभ्यास गर्न । | शिक्षकहरुले कवाजका प्रारम्भिक अभ्यासहरु ड्रमको तालमा गरेर देखाउने ।<br>शिक्षक संगै बालबालिकाहरुलाई अभ्यास गर्न लगाउने ।<br>सानो समूहमा अभ्यास गराउने ।<br>ठूलो समूहमा अभ्यास गराउने ।<br>अभ्यासलाई निरनतरता दिदै बालबालिकालाई सुदृढ बनाउदै लैजाने । | कवाज खेलमा के के गरिन्छ ?<br>कवाजमा के कुराको ख्याल गर्नु पर्दछ?<br>कवाजको दौरानमा अबलोकन बिधि बाट मूल्याङ्कन गर्ने । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पि..टि.P.T.का आधारभूत कियाहरुको अभ्यास गर्न । | बालबालिकाहरुले बालोचित पि.टि.को आधारभूत अभ्यास गर्न । | शिक्षकले बालबालिकालाई जकिङ्ग गरी देखाउने र सोही अनुसार गर्न लगाउने । शिक्षकले बालबालिकालाई २५, ३० मिटरको दूरीमा दौडन लगाउने । २, २ बालबालिकाको समूहमा पालै पालो उपयुक्त आकारका बलहरु फ्याक्न र समात्न लगाउने । | जकिङ्ग गेरेर देखाउ । विद्यालयको चउरको छेउमा राखिएको बल लिएर आउ । बल फ्याकने समात्ने कुराहरु अवलोकन विधि बाट मूल्याङ्कन गर्ने । | १० |

## विषयबस्तुको विस्तृतीकरण

## कक्षा २

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भाति मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडिबुटी | प्राकृतिक जडीबुटीहरु पहिचान गरी तिनको नाम भन्ने । | नजिकका स्थानीय तहमा उपलब्ध हुने जडी बुटी हेरी चिन्न र नाम भन्न । आ आफ्नो घर वरिपरि भएका गुणकारी जडिबुटीहरु बताउन । | शिक्षकले स्थानीय तहमा उपलब्ध हुने जडी बुटीहरु :दालचिनी,अदुवा , कुरिलो ,चिनी लहरो ,पुनर्नवा आदि बालिकालाई चिनाउने र नाम भन्न लगाउने । स्थानीयतहको जडिबुटी उपलब्ध हुने नजिकको ठाउमा अबलोकन भ्रमण गराउने ।आफ्नो घर वरिपरि भएका गुणकारी जडिबुटीहरु पहिचान गर्न लगाई बालबालिकाहरु बिच छलफल गर्न लगाउने । | तिमीले जानेका कुनै ५ वटा जडी बुटीको नाम भन । तिम्रो घर वरिपरि कुनै गुणकारी जडिबुटीहरु देखेका छौ ? तिनको नाम भन । | १० |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | बैठहवा, गैडहवा र गजेडी तालको अवस्थिति र महत्व बताउन | गैडहवा र गजेडी तालको परिचय अवस्थिति र महत्व बताउन | बैठहवा ,गैडहवा र गजेडी तालको अवस्थितिको बारेमा वालवालिकाहरु संग प्रश्नोत्तर बिधिको माध्यम बाट सोधपुछ र छलफल गर्ने । छलफलकै कममा ताल रहेका स्थानहरु, बुटवल नगर संगको तालको दूरी, तालको क्षेत्रफल, तालको कारणले देखिएको प्राकृतिक सुन्दरता समेटेर रुपन्देहीको मानचित्रको आधारमा परिचय गराउने ।<br>सबै तालको लागि भ्रमणको अलग अलग योजना बनाउने ।<br>भ्रमण गर्दा ख्याल गर्नुपर्ने कुराहरुको आवस्यक निर्देशन दिने ।तालमा लैजाने। तालको प्रत्यक्ष अवलोकन गराउने,ताल र आसपासका विषयवस्तु डुङ्गा चराचुरुङ्गी, रुख लता फूल तालको पानीले बनाएको सुन्दरताको विषयमा बताइदिने ।<br>यो रमाइलो ठाँउमा देश भित्र र बाहिर बाट धेरै मानिसहरु घुमफिर गर्न आउने कुरा समेतको जानकारी वालवालिकाहरुलाइ्र गराउने । | गजेडी ताल कहाँ पर्दछ ?<br>गैडहवा ताल कहाँ पर्दछ ?<br>गैडहवा तालको क्षेत्रफल कति छ ?<br>गजेडी तालमा पाइने चराहरु के के हुन् ?<br>तालमा घुम्न आउने मानिसलाई के भनिन्छ ? | ९ |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | कस्ता मानिसहरु पर्यटक हुन्छन् भन्ने कुरा बताउन | पर्यटकहरुको ब्यबहार अध्ययनबाट आन्तरिक र बाह्य पर्यटक छुट्याउन । | शिक्षकले पर्यटनको अर्थ प्रश्नोत्तर बिधिको आधारमा छलफल गरी बालबालिका हरुलाई बताइदिने ।<br>नजिकको पर्यटकीय स्थलमा बालबालिकाहरुलाई लगी त्यहा उपलब्ध पर्यटकहरु संग साक्षात्कार गराई पर्यटक शब्दको परिचय गराउने ।<br>दर्शनीय र महत्वपूर्ण स्थानहरु हेर्न वा मन बहलाउन देश बिदेशमा भ्रमण गर्ने मानिसलाई पर्यटक भनिन्छ भन्नेकुरा बोर्डमा लेख्दै बताउने ।<br>पर्यटक चिनिने चित्र प्रदर्शन गरी बालबालिकाहरुलाई छलफल गराउने । | कस्ता मानिसलाई आन्तरिक पर्यटक भनिन्छ ?<br>कस्ता मानिसलाई बाह्य पर्यटक भनिन्छ ?<br>पर्यटनको अर्थ भन । | १० |
| | मिलनपार्कमा देखिने प्रमुख कुराहरु बताउन । | मिलनपार्क स्थित महत्वपूर्ण वस्तुहरु बताउन ।<br>मिलनपार्कको महत्वबताउन । | शिक्षकले बालबालिकाहरुलाई पार्क भनेको के हो भनी प्रशनोत्तर बिधिको आधारमा छलफल गरी अर्थ बताइदिने ।पार्क पनि बिभिन्न प्रकारका र बिभिन्न उद्देश्यले बनेका हुन्छन् भन्ने कुरा स्पष्ट पार्ने ।<br>मिलनपार्कको भ्रमण योजना बनाई बालबालिकाहरुलाई मिलन पार्कमा लैजाने र मिलन पार्कको परिचय गराउने ।<br>संपूर्ण बालबालिकाहरुलाई आफूलाई राम्रो लागेको कुरा सम्झन टिपोट गर्न लगाउने।<br>अवलोकनको क्रममा बालबालिकाका | पार्क भनेको के हो ?<br>मिलन पार्कमा तिमीलाई राम्रो लागेका कुनै ५ वटा चिजको नाम लेख । | १० |

| | | | जिज्ञासा स्पष्ट पारिदिने । | | |
|---|---|---|---|---|---|

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | बालबालिकाहरुले हाम्रा रमाइला दिनहरु बताउन सक्ने छन् । | बर्षभरिका महत्वपूर्ण रमाइला दिनहरु बताउन सक्ने छन् । | बिद्यालयको वार्षिकोत्सवमा हुने रमाइला कियाकलापहरु बिद्यार्थीहरुलाई प्रश्नोत्तरको माध्यमबाट स्पस्ट पार्ने । अन्य  कहिले कहिले रमाइलो गरिन्छ भनी २, २ जनाको समूहमा छलफल गर्न लगाउने  । आ आफ्नो जन्म दिनमा कसरी रमाइलो गरियो ? अलग अलग बालबालिकाबाट उत्तर लिने । दशै तिहार लगायत अरु कुन कुन दिनहरुमा रमाइलो हुन्छ भनी सोध्ने ल्होसार, इद, बडकी इतबारआदि उनीहरुबाट आएका उत्तरहरु लाई बोर्डमा लेखी एक सूची तयार गर्ने । | बिद्यालयको बार्षिकोत्सबमा के के गरिन्छ ? रमाइला दिनहरु कुन कुन हुन् ? तिहारमा कसरी रमाइलो गरिन्छ ? | ९ |
| | तीजमागरिने मुख्य मुख्य कियाकलाप बताउन सक्ने छन् । | तीजमा गरिने रमाइला कियाकलाप बताई तीजको महत्व बताउन । | हिन्दूनारीहरुले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परंपरा अनुसार शिब पार्बतीको उपासना र पुजा गर्ने भाद्र शुक्ल तृतीयाको दिन लाई तीज वा हरितालिका भनिन्छ भनी तीजको परिचय दिने । तीजको (कहामा जान्छ्यौ रानी चरी बगाल) जस्ता गीत बिद्युतीय उपकरण मार्फत बालबालिकालाई सुनाउने । अन्य प्रचलित गीतहरुको बारेमा बालबालिकाहर बिच छलफल गराउने । | तीज कहिले मनाइन्छ ? ऋषिपञ्चमीमा कस्को पूजा गरिन्छ ? कुनै एक तीज गीत गाउ । | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तीजकादिन  महिलाहरुले उपबास बस्ने र ऋषिपञ्चमिका दिन अरुनधती सहित सप्तर्षिहरुको पूजागरी प्रसाद ग्रहणगर्ने परंपरा रहेको कुरा बालबालिकाहरुलाई बताउने ।<br>भाद्र शुक्ल तृतीयाको दिन परंपरागत रुपमा भेला भै नाच गान गर्ने स्थानमा लगी अबलोकन गराउने । | | |
| | इद र बकरिद कसरी मनाइन्छ बताउन सक्ने छन् । | इद र बकरिद पर्बमा गरिनै कियाकलापको परिचय दिन । | मुश्लिम समुदायको सांस्कृतिक पर्बको रुपमा मनाइने इद इस्लाम धर्मको नबौं महिना रमजान द्वितीयाको चाद (चन्द्रमा) देखे पछि प्रारम्भ भई अर्को द्वितीयाको चाद देखेपछि पूर्ण हुन्छ । उक्त पर्बमा महिनाभरि व्रत (रोजा) बसी कुरान पढ्ने तथा अन्तिम दिन संपूर्ण भाइ बन्धुहरु एक ठाउमा जम्मा भै कुरान पढी एकअर्का बिच अंकमालगरी आत्मीयता साटासाट गरी मनाउने पर्बको रुपमा बालबालिकालाई चिनाउने ।<br><br>अंग्रेजी अगस्त महिनामा मनाइने बकरिदमा बाख्राको बली दिई इष्टमित्र नाता गोतासहित हर्षोल्लास ढङ्गबाट मनाउने कुरा प्रश्नोत्तर तथा छलफल विधिबाट बालबालिबाहरु लाई<br>स्पस्ट पारिदिने । | इद कुन महिनामा मनाइन्छ ?<br><br>इदमा गरिने मुख्यकार्य के हो ?<br><br>बकरिद कस्तो  चाड हो ? | ९ |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पा.भार |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | परोपकारको भावार्थ बुझ्री यसको महत्व बताउन । | अरु लाई उपकार गर्नुपर्ने कुरा आत्मसात गर्नु । | ((माटोको डल्लो र पातको मित्रता))नामक कथा बालबालिकालाई सुनाउने । एक अर्काकोसहयोगमा बाचेको बास्तबिकता बताउने ।<br>अरुलाई गरिने उपकार सहयोग नै परोपकार हो भन्ने स्पस्ट पार्ने ।<br>परोपकारका उदाहरणहरु :माग्नेलाई भिक्षा दिने ।बिरामीलाई अस्पताल लैजाने ।<br>भोकालाई खाना दिने ।<br>अशक्तलाई डोर्‍याएर ।<br>अज्ञानीलाई ज्ञान दिएर ।<br>नाङ्गालाई बस्त्र दिएर ।<br>बेवारिसे बालबालिकाहरुलाई संरक्षण दिएर आदि कुराहरु कार्ड बोर्डमा लेखी कक्षामा प्रदर्शन गर्ने ।<br>सबैलाई एकएक गरेर पढ्न लगाउने । | परोपकार भनेको के हो ?<br>परोपकारका कुनै ४ वटा उदाहरण के के होलान् ?<br>पातले माटोलाई कसरी मदत गर्‍यो?<br>माटोले पातलाई कसरी मदत गर्‍यो ? | १० |
| | गर्न हुने र गर्न नहुने कुराहरुअभिब्यक्त गर्न Dos and Donts | कस्ता कार्य गर्न हुन्छ ?र कस्ता कार्य गर्न हुन्न ? Dos and Donts भन्ने कुरा बताउन ।<br>गर्न हुने कार्यलाई व्यबहारमा निरन्तरता दिन र गर्न नहुने कार्यलाई परित्याग गर्न । | कस्ता कुरा गर्न हुन्छ र कस्ता कुरा गर्न हुन्न ? भन्ने कुराको छलफल गर्न ४ ४ जनाको समूह निर्माण गरी छलफल गर्न लगाउने ।प्रत्येक समूहबाट १ ,१ जना लाई समूहका कुरा प्रस्तुत गर्न लगाउने ।कार्डबोर्डम ागर्न हुने र गर्न नहुने कुरा Dos anDonts हरु लेखेर प्रस्तुत गर्ने।यस्ता कुराहरुले नैतिक शिक्षा आचरणलाई प्रबर्धन गर्ने कुरा बताउने । | ४ वटा गनृ हुने कार्यहरु के के हुन् ?<br>४ वटा गन नहुने कार्यहरु के के हुन् ? | १० |

द्रष्टव्य १ हिन्दीमा पाइने ढेले और पत्तेकी कहानीलाई नेटमा सर्च गरी भेटाउने र नेपाली भाषामा अनुबाद गरी कथा सुनाउने । २ अंग्रेजमा पाइने **Dos and Donts नेटबाट खोज गरी नेपाली शन्दर्भमा अनुबाद गरी प्रस्तुत गर्ने (पाठ निर्माण गर्ने)** ।

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ३**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पा.भार |
|---|---|---|---|---|---|
| संघ संस्थाहरु | नेपाल रेडकैसको परिचय दिन र यसको महत्व बताउन । | नेपाल रेडक्रसले पुऱ्याएका सोको आधारमा यसको परिचय सहित महत्व बताउन । | शिक्षकले प्रश्नोत्तर बिधि प्रयोग गरी रेडक्रसको ऐतिहासिक पृष्टभूमि बताउने । बुटवलमा यसले पुऱ्याएको योगदान कार्डबोर्ड पेपरमा तयार गरी प्रस्तुत गर्ने । प्रस्तुत भएका बिषयबस्तुमा बालबालिकाहरुलाई छलफल गराउने । रेडक्रसले गर्दै आएका मुख्य मुख्य कियाकलापलाई शिक्षकले सहज कर्ताको भूमिका पूरागरी सहयोग गर्ने । | रेडक्रसका जन्मदाता को हुन् ? रेडक्रसका मुख्य मुख्य ३ वटा कामहरु बताउ । | १० |
| | स्काउटको परिचय बताउन | स्काउटले गर्ने गरेका कार्यको आधारमा स्काउटको परिचय र महत्व बताउन । | स्काउट भनेको के हो ? भन्ने प्रश्न माथि प्रश्नोत्तर बिधिबाट छलफल गर्ने गराउन। बर्तमान अबस्थामा स्काउटको बिद्यालयमा रहेको सांगठनिक संरचना कार्डबोर्ड पेपरमा लेखेर प्रस्तुत गर्ने र छलफल गराउने । बुटवलमा स्काउटले पुऱ्याएको योगदानको बिषयमा छलफल चलाउने । | स्काउट भनेको के हो ? स्काउटले बुटवलमा के के कार्य गरेको छ ? स्काउटमा को को पदाधिकारी रहन्छन् ? | १० |

विषयवस्तुको विस्तृतीकरण

कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पा.भार |
|---|---|---|---|---|---|
| योग | योग केहो भन्ने कुरा बताउन | योग के हो भन्ने कुरा आफ्नो शब्दमा ब्यक्त गर्न । | योग भनेको स्वस्थ, निरोगी,दीर्घजीबी कसरी हुने भन्ने सबभन्दा सरल प्राकृतिक उपाय हो भन्ने कुरा छलफल गराई बालबालिकाहरुलाई जानकारी गराउने । योगको अर्थ शिक्षकले बोर्डमा बोल्दै लेख्दै गर्ने । पटक पटक  बालबालिकाहरु लाई उच्चारण गर्न लगाउने । | योग भनेको केहो ? | १० |
| | योगका फाइदाहरु बताउन । | योगका फाइदाहरु बताउन | शिक्षकले बालबालिकाहरु लाई घरका सदस्यहरुमा भएका शारिरीक समस्याहरु  के के रहेछन् ? छलफल गराउने ।छलफलका  कममा बालबालिकाले बताएका समस्याहरु : बि.पि. बढ्नु,टाउको दुख्नु,तौल धेरै हुनु ,तनाव हुनु मुखमा चमकता नआउनु आदि देखिएका समस्याहरु योगले समाधान गर्न सहयोग गर्दछ भन्ने कुरा बाल बालिकाहरुलाई बताउने ।रोग अनुसार योग पनि | योगबाट हुने फाइदाहरु के के हुन सक्दछन्  ? | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | फरक फरकहुन्छन् भन्ने कुरा प्रश्नोत्तरकै माध्यमबाट बालबालिकाहरुलाई बताउने ।केही योगका फाइदाहरु बोर्डमा लेखी बारम्बार उच्चरण गर्न लगाउने :तनाब कमगर्न,बि.पि.लाई ठिक ठाउमा राख्न ,पाचनकियालाई सन्तुलित राख्न,तौल कम गर्न आदि । | | |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पा.भार |
|---|---|---|---|---|---|
| | | | ` । | | |
| प्राकृतिक चिकित्सा पद्धति र जडीबुटी | स्थानीय जडीबुटीहरुको नाम बताउन । | स्थानीय जडी बुटीहरुको नाम चिनेर बताउन । | शिक्षकले बालबालिकाहरुलाई उनीहरुले जानेका गुणकारी जडी बुटीहरुकोनाम भन्न लगाउने । आएका नामहरुलाई उच्चारण गर्दै बोर्डमा टिप्दै जाने । सबैलाई नामहरु भन्न लगाउने । नाम | कुनै ५ गुणकारी जडी बुटीको नाम । भन<br>तिम्रो घरको आसपासमा पाइने तिमीले जानेका कुनै २ वटा जडी बुटीको नाम भन । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भन्न सक्ने बालबालिकालाई प्रोत्साहित गर्ने स्याबासी दिने । यसका साथ साथै प्रश्नोत्तर बिधिकै आधारमा थप जडी बुटीहरु बिलाजोर ,बादलपाते ,पथ्थरचट्टा,मुग्रिलो आदिको नाम बोर्डमा लेखी पटक पटक बोल्न लगाउने। यी कस्ता ठाँउमा पाइन्छन् ? छलफल गराउने । बालबालिकाको घर आँगनको आसपासमा पाइने १, २ जडी बुटीको सामान्य काम समेत बालबालिकालाई बताउने । | | |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | शुद्धोधनको दरवार रहेको तिलौराकोट र बुद्धमावली भवानीपुर देवदहको वर्णन गर्न | शुद्धोधनको दरवार तिलौराकोट को वर्णन र बुद्धमावली भवानीपुर देवदहको वर्णन गर्न | वालवालिकाहरुलाई तिलौराकोट र भवानीपुर देवदहको सामान्य जानकारी दिई उत्सुकता बढाउने र तत्तत् ठाँउहरुमा अध्ययन भ्रमणका लागि शिक्षक विद्यार्थी दुबैको योजना बनाउने ।<br>वालवालिकाहरुलाई तिलौराकोट लैजाने | तिलौराकोटमा पाइएका कुनै ४ वटा कुराहरु भन ।<br>भवानीपुर देवदह हामीहरु किन भ्रमण गर्न गएका हौ ?<br>तिलौराकोट कुन जिल्लामा पर्दछ ? | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | त्यहाको वस्तुस्थितिको प्रत्यक्ष अध्ययन गराई प्रश्नोत्तर विधि र छलफलको माध्यमबाट समग्र जानकारी उपलब्ध गराउने ।<br>एवं रीतले भवानीपुर देवदहको अध्ययन भ्रमण गराई प्रश्नोत्तर विधिकै माध्यमबाट वालवालिकाहरुलाई स्पस्ट गरिदिने।<br>अध्ययन भ्रमणको क्रममा पाइएका नविन जानकारीहरु स्वयम् विद्यार्थी वा शिक्षकको सहायताले टिपोट गर्न लगाई आगामी दिनका कक्षामा प्रस्तुत गर्न लगाउने ।कक्षामा वालवालिकाहरुलाई बोल्न प्रोत्साहित गर्ने । | | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्य भार |
|---|---|---|---|---|---|
| हाम्रा | पर्यटकले हेर्न घुम्न चाहाने | नेपालमा कस्ता प्रकारका ठाँउँहरुले | शिक्षकले बालबालिकाहरु लाई कस्ता ठाउ | कस्ता ठाउहरु पर्यटकले हेर्न चाहन्छन् | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| पर्यटन स्थलहरु | ठाउँहरु कस्ता हुनुपर्दछ भन्ने कुराहरु बताउन । | पर्यटकहरुलाई लोभ्याउछन् भन्ने कुरा अभिव्यक्त गर्न : ज्यादै पुराना अभिलेख , शिलालेख,किल्ला, प्राकृतिक दृष्य, तालतलैया, चिडियाखाना,धार्मिक संस्थान, नदीनाला ,मानबीय बिशिष्ट निर्माण कृति आदि । | हेर्न मनलाग्छ भनी प्रश्नोत्तर विधिको आधारमा सोधपुछ र छलफलगर्दा प्राप्त उत्तरहरुलाई बोर्डमा टिप्दै जाने । विषयवस्तुको विस्तृतीकरणमा उल्लेखित दृश्यात्मक सूची कार्डबोर्डमा तयार गरी प्रदर्शन गर्ने । दृश्यात्मक बस्तुहरु चिनाउन बिद्युतीय साधन तथाचित्रहरुको सहयोग लिने । बुटवलमा पर्यटकले हेर्न चाहाने ठाउहरुको नाम प्रश्नोत्तर छलफलबिधिको आधारमा संकलन गरी टिपोट गर्नेर टिप्न लगाउने। | । बुटवलमा पर्यटकले हेर्न चाहाने कुनै ४ वटा ठाउहरु के के हुन सक्दछन् । | |
| | पीसपार्कको भ्रमण अबलोकन गरी त्यसको बिशेषता बताउन । | पीसपार्कको भ्रमण अबलोकन र मुख्य मुख्य बिशेषताहरुको टिपोट गरी बताउन । | तिमीहरुले के कस्ता पार्क देखेका छौ भनी बालबालिका संग छलफल गरी पार्कको अबस्थिति बताइदिने । पार्कका नमूना सजावटको बारेमा एक दुई नमूना बताइदिने । बालबालिकाहरुलाई भ्रमणपूर्व पीसपार्कमा गर्नुपर्ने कामको विवरण स्पष्ट पार्ने : प्रशिक्षण , सजावट प्रवचन आदिको बारेमा टिपोट गर्न लगाउने । अबलोकन भ्रमण पश्चात बालबालिकाहरुसंग अनुभब आदान प्रदानको लागि ब्यबस्था मिलाउने । | पीसपार्कका उल्लेखनीय कुराहरु मध्ये कुनै ४वटाको नाम लेख । यहा कस्ता कस्ता विषयमा प्रशिक्षण तथा प्रबचन हुने गर्दछ ? | १० |

विषयवस्तुको विस्तृतीकरण

कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | परिवार एवं समुदायमा हुने बिभिन्न क्रियाकलापको समष्टि नै संस्कृति हो भन्ने कुरा बताउन । | परिवार एवं समुदायमा हुने बिभिन्न क्रियाकलाप :पूजा धर्म उत्सब एबं वैयक्तिक संस्कारको समष्टिनै संस्कृति हो भन्ने कुरा बताउन । | संस्कृतिका प्रमुख दुई पक्ष भौतिक र अभौतिकपक्षको अलग अलग उदाहरण पेश गर्ने ।<br>यस्ता विषयवस्तुहरुलाई समूहगत छलफल चलाउने ।<br>अलग अलग बालबालिकालाई उनीहरुको घरमा हुने वा मनाउने रीति रिवाज चाल चलन संस्कार पूजादिको बारेमा प्रश्नोत्तर बिधिको आधारमा जानकारी लिने र मुख्य मुख्य कुराहरु टिप्ने र तुलनात्मक बिबेचना गर्ने । यसो गर्दा बिबिध भाषा भाषी जात जाती बिच एकता एवं सामन्जस्य बढाउने कुरामा शिक्षकले बिशेष ध्यान दिने । | तिम्रो घरमा चलन चल्तिमा रहेका केही सांस्कृतिक ब्यबहारहरु बताउ ।<br>संस्कृतिका प्रमुख २ पक्षहरु के के हुन् ? | ७ |
| | गाइजात्राको अर्थ र महत्व बताउन । | गाइजात्राको धार्मिक सांस्कृतिक महत्व र यसमा गरिने प्रमुख क्रियाकलाप बताउन । | गाइजात्राको विषयमा बालबालिकाहरु संग प्रशनोत्तर बिधिको आधारमा छलफल चलाउने र यो पर्ब नेवार संकृतिबाट प्रारम्भ भएकोले प्राय नेवार बस्ती भएका ठाउँमा मनाउने कुरा बिद्यार्थीलाई बताउने नेवारसमुदायमा बर्ष दिनभित्र मृत्यु भएका मानिसको सम्मान तथा मुक्तिको लागि मनाइने परंपरा रहेको कुरा प्रस्ट पार्ने ।प्रताप मल्लले पुत्रको शोकमा डुबेकी आफ्नी श्रीमतीलाई सान्त्वना दिन गाइजात्राको चलन चलाएको कुरा जानकारी गराउने ।गाइजात्रा का केही तस्बिर र बिद्युतीय साधनको | गाइजात्रा कस्तो पर्ब हो ?<br>गाइजात्रामा के के गरिन्छ ?<br>गाइजात्रा किन गरिन्छ ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | माध्यम बाट बालबालिकालाई देखाउने । | | |
| | ल्होसार प्रकार र यसमा गरिने प्रमुख कियाकलापहरु बताउन । | ल्होसार प्रकार र यसमा गरिने प्रमुख कियाकलापहरु बताउन । | ल्होसार को प्रारम्भ कसरी भयो भन्ने कुरा शिक्षकले ।सामान्य शब्दमा स्पस्ट पारिदिने ।<br>तमुल्होसार र सोनाम ल्होसारको फरक उपलब्ध साधन स्रोतको आधारमा देखाउने | ल्होसार पर्बको सुरुवात कसरी भयो ?<br>ल्होसार कति प्रकारका हुन्छन् ?<br>ल्होसारका मुख्य मुख्य कियाकलाप के के हुन् ? | ७ |

**विषयवस्तुको विस्तृतीकरण**
**कक्षा ४**

| | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाति शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | हिन्दूधर्मका १६ संस्कार मध्ये गर्भाधान,पुंशवन,सिमन्तोनयन र जातकर्मको अर्थ समय र महत्व बताउन | हिन्दूधर्मका १६ संस्कार मध्ये गर्भाधान,पुंशवन,सिमन्तोनयन र जातकर्मको अर्थ समय, बिशेषकिया र महत्व बताउन | बलबालिकाहरुलाई धर्मको सामान्य परिचय प्रश्नोत्तर बिधिको माध्यमबाट दिने ।<br>हिन्दूधर्मका १६ संस्कार मध्ये शुरुका ४ संस्कारको अर्थ समय बिशेषकिया र महत्वलाई छुट्टै सेतो कागजमा (अग्रिम रुपमा )तयार पारी प्रदर्शन गर्ने र बिद्यार्थीलाई कमशः पढ्न लगाउने ।<br>कक्षालाई ४ समूहमा बिभाजन गरी ४ संस्कारका ४ पक्ष अर्थ समय बिशेषकिया र महत्व छुट्टा छुट्टै समूहलाई दिने र छलफल गर्न लगाउने ।पुनःबालबालिकाको कक्षालाई २ भागमा बिभाजन गरी आपसमा प्रश्नोत्तर गर्न लगाउने । | धर्म भनेको के हो ?<br>हिन्दूधर्मका १६ संस्कार मध्ये शुरुका ४ संस्कारहरु के के हुन् ।<br>जातकर्म संस्कार भन्नाले के बुझिन्छ? | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | हिन्दूधर्मका १६ संस्कार मध्ये नामाकरण,निष्कमण,अन्नप्राशन र चुडाकर्मको अर्थ समय र महत्व बताउन | हिन्दूधर्मका १६ संस्कार मध्ये नामाकरण,निष्कर्मण,अन्नप्राशन र चूडाकर्मको अर्थ समय बिशेषकिया र महत्व बताउन | हन्दूधर्मका १६ संस्कार मध्ये बिस्तृतीकरणमा उल्लेखित ४ संस्कारको अर्थ समय बिशेषकिया र महत्वलाई छुट्टै सेतो कागजमा (अग्रिम रुपमा )तयार पारी प्रदर्शन गर्ने र बिद्यार्थीलाई कमशः पढ्न लगाउने । कक्षालाई ४ समूहमा बिभाजन गरी ४ संस्कारका ४ पक्ष अर्थ समय बिशेषकिया र महत्व छुट्टा छुट्टै समूहलाई दिने र छलफल गर्न लगाउने । पुनःबालबालिकाको कक्षालाई २ भागमा बिभाजन गरी आपसमा प्रश्नोत्तर गर्न लगाउने । | | ८ |
| | हिन्दूधर्मका १६ संस्कार मध्ये कर्णबेध, यज्ञोपवित,वेदारम्भ र केशान्त(क्षौर)कर्मको अर्थ समय र महत्व बताउन | हिन्दूधर्मका १६ संस्कार मध्ये कर्णबेध, यज्ञोपबित,बेदारम्भ र केशान्त(क्षौर)कर्मको अर्थ समय विशेषकिया र महत्व बताउन | हन्दूधर्मका १६ संस्कार मध्ये बिस्तृतीकरणमा उल्लेखित ४ संस्कारको अर्थ समय बिशेषकिया र महत्वलाई छुट्टै सेतो कागजमा (अग्रिम रुपमा )तयार पारी प्रदर्शन गर्ने र बिद्यार्थीलाई कमशः पढ्न लगाउने । कक्षालाई ४ समूहमा बिभाजन गरी ४ संस्कारका ४ पक्ष अर्थ समय बिशेषकिया र महत्व छुट्टा छुट्टै समूहलाई दिने र छलफल गर्न लगाउने । पुनःबालबालिकाको कक्षालाई २ भागमा बिभाजन गरी आपसमा प्रश्नोत्तर गर्न लगाई छलफल गराउने । | हन्दूधर्मका १६ संस्कार मध्ये कुनै ४ संस्कारहरुको नाम लेख । केशान्त (क्षौर) संस्कार भन्नाले के बुझिन्छ ? | ८ |
| | हिन्दूधर्मका १६ संस्कार मध्ये समाबर्तन,बिबाह,आबसस्याधाम (सन्यास) र श्रोताधाम (अन्त्येष्ठि )को अर्थ समय र महत्त्व बताउन | हिन्दूधर्मका १६ संस्कार मध्ये समाबर्तन,बिबाह,आबसस्याधाम (सन्यास) र श्रोताधाम (अन्त्यष्ठि )कर्मको अर्थ समय बिशेषकिया र महत्त्व बताउन | हन्दूधर्मका १६ संस्कार मध्ये विस्तृतीकरणमा उल्लेखित ४ संस्कारको अर्थ समय बिशेषकिया र महत्वलाई छुट्टै सेतो कागजमा (अग्रिम रुपमा )तयार पारी प्रदर्शन गर्ने र बिद्यार्थीलाई कमशः पढ्न लगाउने । कक्षालाई ४ समूहमा बिभाजन गरी ४ संस्कारका ४ पक्ष अर्थ समय बिशेषकिया र महत्व छुट्टा छुट्टै | हन्दूधर्मका १६ संस्कार मध्ये कुनै ४ संस्कारहरुको नाम लेख । विवाह संस्कार भन्नाले के बुझिन्छ? | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समूहलाई दिने र छलफल गर्न लगाउने । पुनःबालबालिकाको कक्षालाई २ भागमा बिभाजन गरी आपसमा प्रश्नोत्तर गर्न लगाई छलफल गराउने । | | |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ४**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ सस्थाहरु | आमा समूहको जानकारी दिन । | आमा समूहको परिचय, कार्यक्षेत्र गठन प्रक्रिया र महत्व बताउन । | शिक्षकले आमा समूहको बारेमा कुनै बिद्यार्थीलाई जानकारी भए बताउन उत्प्रेरित गर्ने । आमा समूहको परिचय लेखिएको न्यूज प्रिन्ट बोर्डमा टास्ने र अर्थ्याउने । त्यसै गरी आमा समूहको कार्य कार्यक्षेत्रको बारेमा छलफल चलाई मुख्य मुख्य कुरा बोर्डमा टिप्दै जाने । आमा समूहको सांगठनिक संरचना गठन प्रक्रियाको चार्ट प्रस्तुत गरी छलफल गराउने । आमा समूहले समाजमा गर्ने गरेका कार्यको आधारमा महत्व स्पष्ट पार्ने । | आमा समुह कस्तो समूह हो ? आमा समूहले के के काम गर्दछ ? आमा समूहको गठन कसरी हुन्छ ? | ६ |
| | परिवार नियोजन संघ के हो बताउन । | परिवार नियोजन संघको परिचय, कार्यक्षेत्र गठन प्रक्रिया र महत्व बताउन । | परिवार नियोजन संघको सामान्य अर्थ परिवार संख्या ब्यबस्थापन गर्नु नै हो भनी स्पष्ट पार्ने । ((ठूलो परिवार ठूलो समस्या,सानो परिवार सानो | परिवार नियोजन भनेको के हो ? ठूलो परिवार ठूलो | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समस्या))<br>परिवार नियोजन संघको परिचय , कार्य र सांगठनिक संरचना लेखिएको न्यूज प्रिन्ट बोर्डमा टास्ने र छलफल बिधि बाट स्पष्ट पारिदिने ।<br>इसको महत्वको बारेमा समूह छलफल चलाउने र शिक्षकले सहजीकरण गर्ने । | समस्या,सानो परिवार सानो समस्या भन्नाले के बुझिन्छ ?<br>परिवार नियोजन संघका मुख्य मुख्य कामहरु के के हुन् ? | |
| | नेपाल पत्रकार महासंघको बिषयमा जानकारी प्रस्तुत गर्न । | नेपाल पत्रकार महासंघको परिचय, कार्यक्षेत्र सांगठनिक संरचना र महत्व बताउन । | गलत समाचारबाट पर्न गएको नकारात्मक असर सम्बन्धि एक सामाजिक घटना प्रस्तुत गर्दै कक्षालाई उत्प्रेरित गर्ने।नेपाल पत्रकार महासंघको परिचय लेखिएको न्यूज प्रिन्ट बोर्डमा टासेर छलफल गर्ने गराउने ।बुटवलमा भएको यसको शाखाको बारेमा जानकारी प्रस्तुत गर्ने ।यसले जनतामा पुऱ्याएको सूचना सहयोग बारे छलफल चलाउने ।<br>सांगठनिक संरचनाको नमूना प्रस्तुत गर्ने तथा छलफल चलाउने ।यसको महत्वको बारेमा प्रशनोत्तर बिधिबाट स्पष्ट पार्ने । | पत्रकार भन्नाले के बुझिन्छ ?<br>पत्रकार महासंघका कामहरु के के हुन् ? | ७ |

**विषय विस्तृतीकरण**

**कक्षा ४**

| **क्षेत्र** | **सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य** | **विषयवस्तुको विस्तृतीकरण** | **सम्भावित शिक्षण क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **पा.भा.** |
|---|---|---|---|---|---|
| योग | योगका सामान्य नियमहरु बताउन | योगका सामान्य नियमहरु :<br>योगाभ्यास भन्दा पहिले हल्का व्यायाम गरेर शरीरलाई तताउने ,व्यायाम सूर्योदय भन्दा पहिले वा ,बेलुका खाना नखादै गर्ने ,सफा र सजिलो लुगा लगाउने जस्ता योगमा प्रयोग हुने १० नियमहरु बताउन । | शिक्षकले योगका कुनै ४ वटा नियमहरु : योगाभ्यास भन्दा पहिले हल्का व्यायाम गरेर शरीरलाई तताउने ,व्यायाम सूर्योदय भन्दा पहिले वा ,बेलुका खाना नखादै गर्ने ,सफा र सजिलो लुगा लगाउने तथा सफा शान्त र उपयुक्त ठाउमा योगा गर्न सकिने कुरा सबैले सुन्ने गरी बोल्दै बोर्डमा टिप्दै जाने ।<br>छलफल प्रश्नोत्तर संबाद जस्ता विधिहरु प्रयोग गरेर प्रष्ट्याउने ।यसै गरी अन्य संपूर्ण नियमहरु समेतको जानकारी | योगका कुनै ४ वटा नियमहरु को नाम के होला ?<br>कस्तो ठाउमा योगाभ्यास गर्न उपयुक्त हुन्छ ?<br>योगाभ्यास कतिबेल ।गर्न राम्रो हुन्छ ? | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गराउने । | | |
| | प्राणायामको सामान्य अर्थ बताउन । | प्राणायामको सामान्य अर्थ बताउन । | प्रश्नोत्तरविधिको आधारमा बालबालिकाहरु संग छदफल गर्ने ।प्रणायामको नमूना अभ्यास गरेर देखाइदिने । सोही अनुसार बालबालिकालाई अभ्यास गर्न लगाउने | प्राणायाम भनेको के हो ? | ७ |
| | प्राणायामका प्रकारहरु बताउन । | प्राणायामका प्रकारहरु अभ्यास सहित बताउन । | प्राणायामका प्रकारहरु काबारेमा देखे सुनेका कुराहरु उठान गरी बालबालिकाहरु संग छलफल गर्ने । प्रणायामहरु पूरक, कुम्भक र रेचक गरी ३ प्रकारको हुने कुरा बताउनुका साथै अभ्यास समेत गरी देखाई प्रष्ट पारिदिने । | प्रणायाम कति प्रकारका हुन्छन् ? | ७ |

## विषय विस्तृतीकरण

## कक्षा ४

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पा.भा. |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडी बुटी | प्राकृतिक चिकित्सा पद्धतिको परिभाषा र विशेषता बताउन । | प्राकृतिक चिकित्सा पद्धतिको अर्थ परिभाषा र विशेषता बताउन । | प्रश्नोत्तर बिधिको माध्यमबाट प्राकृतिक चिकित्सा पद्धतिको अर्थ स्पष्ट पार्ने ।<br>प्राकृतिक चिकित्सा पद्धतिको परिभाषा पढ्न लगाई भन्न लगाउने ।<br>प्राकृतिक चिकित्सा पद्धतिका बिशेषताहरु छलफल बिधिबाट प्रष्ट पार्ने ।<br>प्रत्येक विद्यार्थीलाई एउटा एउटा विशेषता बोर्डमा लेख्न लगाउने । | प्राकृतिक चिकित्सा पद्धति भनेको के हो ?<br>प्राकृतिक चिकित्सा पद्धतिका कुनै ४ बिशेषता बताउ । | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यार्थीहरु हर्रो, बर्रो, अमला, कुरिलो, तितेपाती जस्ता जडीबुटीहरु चिन्न र तिनको उपयोग बताउन सक्ने छन् । | हर्रो, बर्रो, अमला, कुरिलो, तितेपाती जस्ता जडीबुटीहरु पहिान  र तिनको उपयोग | शिक्षकले नमूनाको लागि हर्रो, बर्रो, अमला, कुरिलो, तितेपाती जस्ता जडीबुटीहरु कक्षामा लैजाने । उल्लेखित जडीबुटीहरुको बारेमा बिद्यार्थीहरुलाई सोध्ने  । देखे नदेखेका सबै विद्यार्थीहरुलाई जडीबुटी छुन छाम्न दिई पहिचान गराउने । प्रश्नोत्तर विधिकै माध्यमबाट उल्लेखित जडी बुटीहरुको उपादेयता बताउने । | हर्रो बर्रो कहा पाइन्छ  ? अमलामा अधिक मात्रामा पाइने तत्व के हो  ? कुरिलोको प्रयोग कस्तो अबस्थामा गरिन्छ ? | ८ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्‌देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरा | बुटवललाई व्यापारिक केन्द्रको रुपमा चित्रण गर्न र शहरीकरणको कारण बताउन | बुटवल नजिकका जिल्ला हरुको एक व्यापारिक केन्द्र रहेको ऐतिहासिक जानकारी, बढ्दो व्यापारिक विविधता बढ्दो जनसांख्यिक चाप | प्रश्नोत्तर विधिको प्रयोग गर्दै बुटवलको सामान्य परिचय खुलाउने ऐतिहासिक व्यापारिक दृष्टान्तहरु औजार,सामान,लिखित दस्तावेज आदि शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्दै विस्तृत छलफलका साथ ऐतिहासिक रुपमा नै बुटवल व्यापारिक केन्द्र रहेको कुरा पुष्टि गर्ने ।विद्यार्थीबाट पृथक जानकारी प्राप्त भए समावेश गर्ने । | सयौवर्ष पहिले देखि बुटवल व्यापारिक केन्द्र हुनुका कुनै २ कारण बताउनुहोस् । प्राय कुन कुन जिल्लाबाट बुटवलमा बसाइ सराइ गरी आउने गर्दछन् । शहरीकरणका कुनै २ फाइदाहरु उल्लेख गर्नुहोस् । शहरीकरणका कुनै २ बेफाइदाहरु उल्लेख गर्नुहोस् । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नेपालको राजनैतिक नक्सा प्रस्तुत गर्दै प्रश्नोत्तर विधिकै माध्यमबाट नजिकका जिल्लाहरुको लागि आवश्यक वस्तुहरुको पैठारीलागि बुटवल नै केन्द्र रहेको कुरा स्पस्ट गर्ने<br>छिमेकी जिल्लाहरुबाट बुटवलमा आउने जनसांख्यकीय वहाव बुटवलतिर नै हुने गरेको व्यहोरा छलफल विधिबाट स्पस्ट पार्ने ।<br>बढ्दो शहरीकरण का फाइदा र बेफाइदा बारे विद्यार्थीबीच समूह विभाजन गरी छलफल चलाउने। प्रस्तुत गर्न लगाउने शिक्षकले सहजीकरण गर्ने । | | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | पर्यटन आम्दानीको स्रोत हो भन्ने कुरा व्याख्या गर्न । | पर्यटकबाट कय बिनिमय हुने,घरेलु कलाकृतिका समान देश बिदेशमा प्रचार प्रसार,स्थानीय ब्यापार बृद्दि तथा होटेल ब्यबसायीलाई सहयोग आदिले समग्र राष्ट्रिय स्रोत बढ्ने कुरा बताउन । | बालबालिकाहरुलाई बिषयबस्तुको परिचय गराइसके पछि ४/५ समूहमा बिभाजन गर्ने र पर्यटकहरुबाट कसरी फाइदा हुन्छ भन्ने कुरामा छलफल गराउने ।<br>समूहकार्य प्रस्तुत गर्न लगाउने ।<br>शिक्षकले समूहकार्यको राम्रो मूल्याङ्कन गर्ने र आबश्यकता अनुसार थपघट गर्दै जाने । | पर्यटकबाट हुन सक्ने कुनै ४ फाइदाहरु भन ।<br>घरेलु कलाकृतिका समान कसरी विदेश पुग्न सक्दछ ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पर्यटकहरुबाट हुनसक्नेफाइदाहरु बालबालिकाहरुलाई बताउने तथा टिपोट गरी लेखाउने । | | |
| | नरैनापुर शिवरात्रीमेलाको महत्त्व बताउन । | अबस्थिति, ऐतिहासिक पृष्टभूमि र बिशेषताका आधारमा नरैनापुर शिबरात्री मेलाको बर्णन गर्न । | शिक्षकले नरैनापुर शिबरात्रीको मेला अबलोकन भ्रमणको योजना बनाउने ।<br>त्यसक्रममा बालबालिकाको भूमिका वा जिम्मेबारी प्रष्ट पार्ने ।<br>शिबरात्रीको अबसरपारी कक्षा ५ का बालबालिकाहरुलाई नरैनापुर लैजाने ।<br>प्रश्न सोध्न उत्प्रेरित गर्ने ।<br>आबश्यक कुराको टिपोटका लागि बालबालिकालाई सघाउने ।<br>त्यस पछि हुने कक्षामा अन्तर्क्रियात्मक सत्र सन्चालन गर्ने । | नरैनापुर शिवरात्रीको मेलाका कुनै ४ वटा विशेषता लेख ।<br>यो कुन ठाउँमा अबस्थित छ ?<br>यस क्षेत्रलाई अझ व्यवस्थित बनाउन के गर्नु पर्ला । | ७ |
| | जितगढी किल्लाको ऐतिहासिक महत्व बताउन । | अंग्रेज गोरखा युद्धमा उजीरसिंहको नेतृत्वको फौजले अंग्रेजलाई हराएको ऐतिहासिक घटना बताउन | शिक्षकले जितगढी किल्ला अबलोकन अध्ययनको योजना तयार पारी बिद्यार्थीलाई उनीहरुले पुरागर्नु पर्ने जिम्मेबारी समेत बताउने ।<br>अध्ययन अवलोकनको निम्ति बालबालिकाहरुलाई सम्बन्धित ठाउमा लैजाने ।<br>किल्लामा टिपोट गरिएका बुदाहरुको आधारमा कक्षामा छलफल चलाउने ।<br>त्यस्तै जितगढी किल्लाको पाठ एक एक प्याराग्राफ पर्ने गरी बालबालिकाको छुट्टा छुट्टै समूह तयार गरी समूह समूहमा अध्ययन गर्न लगाउने र क्रमिक रुपमा प्रस्तुत गर्न लगाउने । यसमा शिक्षकले Jigsaw Technique अपनाउने । | जितगढी किल्ला कहाँ अबस्थित छ ?<br>कुन दुई पक्षको बिमा युद्ध भएको थियो ?<br>गोरखाली सेनाले कसरी बिजय प्राप्त गरे । | ७ |

# विषयवस्तुको विस्तृतीकरण
## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | साँस्कृतिक समाबेशीलाई आत्मसात गरी ब्यबहारमा उतार्न । | सांस्कृतिक समाबेशी, जातीय चाड पर्ब, उत्सवहरु,सामजिक धार्मिक आर्थिक कार्यकआदि सबै प्रकारको व्यबहारमा मानवीय सम्मिलन । | सांस्कृतिक समाबेशीताको अर्थ उदाहरण सहित स्पस्ट पार्ने ।<br>सांस्कृतिक बहिस्करणको बिषयमा देखे जानेका उदाहरण दिई स्पस्ट पारिदिने ।<br>बिद्यार्थीहरु लाई समूहमा बिभाजन गर्ने र | सांस्कृतिक समाबेशी भनेको के हो ?<br>जातीय समाबेशीताका उपायहरु के के होलान् ?<br>चाड पर्बमा सकाबेशि सम्भव छ ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समूहगत आधारमानिम्नानुसारका प्रश्न बितरण गरी छलफलद्वारा उत्तर लेखन लगाउने ।<br>१–जातीय समाबेशी कसरी हुन सक्दछ ?<br>२–चाड पर्बमा समाबेशी कसरी हुन सक्दछ ?<br>३–उत्सबहरुमासमाबेशी कसरी हुन सक्दछ ?<br>४–सामाजिक समाबेशी कसरी हुन सक्दछ<br>५–धार्मिक समाबेशी कसरी हुन सक्दछ ?<br>६–आर्थिक आय आर्जनमा समाबेशी कसरी हुन सक्दछ ?<br>पालै पालो समूहकार्य प्रस्तुत गर्न लगाउने<br>शिक्षकले आबश्यकता अनुसार सहजीकरण गर्ने । | | |
| | थारुहरुले बड्क ाअत्तबार कहिले र कसरी मनाउँछन् बताउन । | थारुहरुले बड्का अत्तबार मनाउने विधि र यसको महत्व बताउन । | कक्षामा उपलब्ध सम्बन्धित बिद्यार्थीलाई उक्त चाड कहिले कसरी मनाउने गरेको छ ? भन्न लगाउने । यदि सम्बनिधत बिद्यार्थी नभए शिक्षक स्वयंले उकत चाडको बिषयमा जानकारी प्रस्तुत गर्ने ।<br>बिद्यार्थीहरुलाई दिइएको पाठ १०मिनेट मौन बाचन गर्न लगाउने ।<br>मुख्य मुख्य बुदाहरु भन्न लगाउने ।<br>शिक्षकले बुदाहरु बोर्डमा लेख्ने र सार प्रस्तुत गर्ने । | बड्का अत्तबार कहिले मनाइन्छ ?<br>यो पर्ब कसरी मनाइन्छ ?<br>यो पर्ब कुन जात बिशेषले मनाउने गर्दछन् ? | ७ |
| | होलीको परिचयका साथै होलीमा गरिने क्रियाकलाप र यसको महत्व बताउन । | होलीको परिचयका साथै होलीमा गरिने क्रियाकलाप र यसको महत्व बताउन । | शिक्षकले होली पर्ब को बिषयमा बालबालिकाहरुलाई होली पर्बको शरुवात कसरी भयो ? ऐतिहासिक जानकारी प्रस्तुत गर्ने ।<br>होलीमा के के गरिन्छ ?यसपर्बमा के कस्ता बिकृतिहरु देखिन थालेका छन् ?कसरी यस्ता बिकृतिहरु हटाउन सकिन्छ ? बालबालिकालाई सोध्दै जाने र बोर्डमा लेख्दै जाने ।<br>प्राप्त उत्तरलाई समायोजन गर्दै शिक्षकले समाधानका उपायहरु बताउने ।<br>होलीको महत्व पढ्न लगाउने र आफ्नो शब्दमा | होली कहिले मनाइन्छ ?<br>होलीमा के के गरिन्छ ?<br>होलीमा के कस्ता बिकृतिहरु देखापर्न थालेका छन् ?<br>बिकृति हटाउन के गर्न सकिन्छ ? | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यक्त गर्न लगाउने । | | |

## विषयबस्तुको विस्तृतीकरण
## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भाति शिक्षण सिकाइ कियाकलाप | सम्भाति मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | गौतमबुद्धको जन्म बुद्धत्व र निर्वाण सम्बन्धि जानकारी प्रस्तुत गर्न । | गौतमबुद्धको पारिवारिक जीवन बुद्धत्व प्राप्ति र महानिर्बाण सम्बन्धि मुख्य मुख्यकुराको जानकारी दिन | शिक्षकले प्रश्नोत्तर बिधिको आधारमा गौतमबुद्धको जन्म उनले गरेको कर्मको बारेमा छलफल गराई प्राप्त उत्तरहरु बोर्डमा टिप्दै जाने र सबै बालबालिकालाई गौतमबुद्धको यथार्थ स्थिति संग परिचित गराउने ।<br>दिइएको बुद्धको पाठलाई ४ भागमा बिभाजन गर्ने र बालबालिकाहरुलाई समेत सोही अनुसार समूह बनाई स्वाध्ययन गर्न लगाई समूहगत रुपमै मुख्य मुख्य कुराहरु प्रस्तुत गर्न लगाउने । समूहमा सबै बालबालिकाको सहभागिता भए नभएको बिषयमा शिक्षक सधै चनाखो भएको हुनु पर्ने छ । | बुद्धको जन्म कहिले भएको थियो ? गौतमबुद्धको विषयमा मुख्य मुख्य ४ कुराहरु लेख । | ७ |
| | बुद्धका प्रमुख उपदेशहरुको व्याख्या गर्न । | बुद्धका प्रमुख ५ उपदेशहरु हिंसा,चोरी, व्यभिचार,असत्यबोल्ने काम र मादक पदार्थ सेबन गर्न नहुने जस्ता बिषयमा स्पष्ट गर्न । | बुद्धका प्रमुख ५ उपदेशहरुलाई छुट्टा छुट्टै कागतको टुकामा लेखी बिद्यार्थीहरुलाई नहेरीकन चिट्टा थुत्न लगाउने र चिट्टामा परेको बिषयबस्तुको बारेमा आफूले जानेको जानकारी प्रस्तुत गर्न लगाउने ।<br>एबं रितले सबैले आफूलाई परेको चिट्टाको बिषयलाई प्रस्तुत गर्न लगाउने।<br>शिक्षकले आबश्यकता अनुसार बिद्यार्थीहरुलाई सहजीकरण गर्दै जाने । | बुद्धका प्रमुख ५ उपदेशहरु के के हुन्? ब्यभिचार भन्नाले के बुझिन्छ ? | ७ |
| | बुद्धका ४ आर्यसत्वहरु | बुद्धका ४ आर्यसत्वहरु : दुःख छ। | कक्षालाई ४ समूहमा बितरण गर्ने र | दुख भनेको के हो ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | बताउन । | दुखका कारण छन् । दुख निवारण गर्न सकिन्छ । दुख निवारणका उपाय छन्  जस्ता कुराहरु स्पस्ट गर्न । | प्रत्येक समूहलाई ४ आर्य सत्वमध्ये एक एक वटा बितरण गर्ने र समूहमा छलफल गर्न लगाउने । छलफलको क्रममा महत्वपूर्ण बुदाहरु टिप्न लगाउने । समूहकार्यको प्रस्तुतीकरणकोलागि शिक्षकले सहजीकरण गरिदिने । अन्त्यमा सारको रुपमा शिक्षकले प्रमुख कुराहरु नछुट्ने गरी मुख्य बुदाहरु प्रस्तुत गरिदिने । | दुखका कारण के के होलान् ? दुख निवारण गर्न सकिने कुरा हो | |
| | दुख निवारणका आठ मार्गहरु बताउन । | दुख निवारका आठ मार्गहरु : सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक जीबिका , सम्यक प्रयास, सम्यक स्मृति , सम्यक समाधि आदिको जानकारी । | विद्यार्थीहरुलाई दुख निवारणका आठ मार्गको पाठ १० मिनेटसम्म मनमनै पढ्न लगाउने । संपूर्ण बिद्यार्थीहरुलाई २ समूहमा बिभाजन गर्ने र Fish bowl Technique प्रयोग गरी छलफल सन्चालन गर्ने । केही समय छलफल चलिसके पछि समूहको जिम्मेबारी फेरबदल गर्ने तथा बिषय समेत पबिर्तन गर्ने र छलफल प्रारम्भ गर्ने । अन्त्यमा शिक्षकले सार संक्षेप प्रस्तुत गर्ने । | दुख निवारणका कुनै ५ उपायहरु के के हुन् ? सम्यक वचन भन्नाले के बुझिन्छ ? | ७ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ सस्थाहरु | बुटवल टेक्निकल इस्टिच्युटको परिचय मुख्य कार्य र हालको अबस्था बताउन । | बुटवल टेक्निकल इस्टिच्युटको अबस्थिति परिचय मुख्य कार्य र हालको अबस्था बताउन । | बि.टि.आइ.को बारेमा बिद्यार्थीले देखे जानेको भए सोधपुछ गरी जानेका कुरा भन्न लगाउने ।<br>शिक्षकले बुटवल टेक्निकल इस्टिच्युटको भ्रमण अबलोकन अध्ययनको योजना बनाउने र बिद्यार्थीहरुबाट अबलोकनको कममा गर्नु पर्ने जिम्मेबारी स्पष्ट पार्ने ।<br>अबलोकन स्थलमा पाइएका तथ्यहरुलाई टिपोट गर्न लगाउने ।<br>बिद्यार्थीहरुलाई प्रतिबेदन दिन लगाउने ।<br>शिक्षकले बिद्यार्थीलाई पृष्टपोषण दिनुका साथै बुटवल टेक्निकल इस्टिच्युटको मुख्य कार्य हालको अबस्थाकोबारेमा छलफलबाटै स्पष्ट पारिदिने । | बुटवल टेक्निकल इस्टिच्युटको मुख्य मुख्य उत्पादन के के हुन् ?<br>बुटवल टेक्निकल इस्टिच्युटको हालको अबस्था छोटकरीमा बताउ । | ८ |
| | कोरिया नेपाल इस्टिच्युट अफ टेक्नोलोजी KNIT को परिचय मुख्य कार्य र हालको अबस्था बताउन | कोरिया नेपाल इस्टिच्युट अफ टेक्नोलोजी KNIT को परिचय मुख्य कार्य र हालको अबस्था बताउन | कोरिया नेपाल इस्टिच्युट अफ टेक्नोलोजी KNIT को बारेमा बिद्यार्थीले देखे जानेको भए सोधपुछ गरी जानेका कुरा भन्न लगाउने ।<br>शिक्षकले कोरिया नेपाल इस्टिच्युट अफ टेक्नोलोजी KNIT भ्रमण अबलोकन अध्ययनको योजना बनाउने र बिद्यार्थीहरुबाट अबलोकनको कममा गर्नु पर्ने जिम्मेबारी स्पष्ट पार्ने ।<br>अबलोकन स्थलमा पाइएका तथ्यहरुलाई टिपोट गर्न लगाउने ।<br>बिद्यार्थीहरुलाई प्रतिबेदन दिन लगाउने ।<br>शिक्षकले बिद्यार्थीलाई पृष्टपोषण दिनुका साथै कोरिया नेपाल इस्टिच्युट अफ टेक्नोलोजी KNIT को मुख्य कार्य र हालको अबस्थाकोबारेमा छलफलबाटै स्पष्ट पारिदिने । | KNIT को मुख्य मुख्य काम के के हुन् ?<br>KNIT को हालको अबस्था छोटकरीमा बताउ । | ८ |
| | प्रादेशिक अस्पतालको परिचय मुख्य कार्य र | प्रादेशिक अस्पतालको परिचय मुख्य कार्य र हालको अबस्था | प्रादेशिक अस्पतालकोबारेमा बिद्यार्थीले देखे जानेको भए सोधपुछ गरी जानेका कुरा भन्न लगाउने । | प्रादेशिक अस्पताल भन्नाले के बुझिन्छ ? | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | हालको अबस्था बताउन । | बताउन । | शिक्षकले प्रादेशिक अस्पतालकोबारेमा भ्रमण अबलोकन अध्ययनको योजना बनाउने र बिद्यार्थीहरुबाट अबलोकनको कममा गर्नु पर्ने जिम्मेबारी स्पष्ट पार्ने । अबलोकन स्थलमा पाइएका तथ्यहरु भौतिक अबस्था डा.लगायतका प्राबिधिक जनशक्ति अस्पतालले पुऱ्याएको सेवाको स्तर,सरसफाइ आर्दि टिपोट गर्न लगाउने ।<br>बिद्यार्थीहरुलाई प्रतिबेदन दिन लगाउने ।<br>शिक्षकले बिद्यार्थीलाई पृष्टपोषण दिनुका साथै प्रादेशिक अस्पताल जन साधारण लाई पुऱ्याएको सेवा हालमा बिस्तार भएका icu लगायतका हालको अबस्थाका बारेमा छलफलबाटै स्पष्ट पारिदिने । | प्रादेशिक अस्पतालमा के के सेवा उपलब्ध छ ?<br>के यहाको सेवा बाट तिमी सन्तुष्ट छौ ? | |

विषय विस्तृतीकरण

कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्गन प्रक्रिया | पा.भ. |
|---|---|---|---|---|---|
| योग | योगासनका ६ वटा प्रकारहरुः बज्रासन ,धनुरासन,सलभासन,पश्चिमोत्तानासन ,उत्तानपादासन,आनन्दमन्दिरासनको परिचय बताउन । | योगासनका ६ वटा प्रकारहरुः बज्रासन ,धनुरासन,सलभासन,पश्चिमोत्तानासन ,उत्तानपादासन,आनन्दमन्दिरासनको परिचय बताउन । | शिक्षकले ६ प्रकारका योगाशन मध्ये बज्राशन विद्यार्थीहरुका अगाडी गरेर देखाउने, विद्यार्थीहरुलाई चउरमा लगी अन्य आशनहरु समेत शिक्षक स्वयंले प्रदर्शन गर्दै विद्यार्थीहरुलाई समेत अभ्यास गराउने अभ्यासको क्रममा विद्याथीहरुवाट प्रयोगमा देखिएको असहजतालाई शिक्षकले सहजीकरण गर्दै जाने विद्यार्थीलाई छलफल र अभ्यास गराउने | बज्राशन कस्तो आशन हो ?<br>योगको कुनै ३ वटा आशनहरुको नाम भन्नुहोस् । | ६ |
| | योगाशनका फाईदाहरु बताउन | प्रस्तुत छ प्रकारका योगहरु का मुख्य मुख्य फाईदा को जानकारी दिन | बज्राशनका मुख्य फाईदाहरुलाई शिक्षकले सम्पुर्ण कक्षामा प्रश्न उत्तर विधिको आधारमा | बज्रशनबाट के फाईदा हुन सक्छ ? | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छलफल गराउने कसैको घरमा दाजु, दिदी, आमा बुबा हरुले बज्राशन गरे, नगरेको सोध्ने यसले पाचन प्रणाली लाई दुरुस्त राख्ने कुरा जानकारी दिने र अन्य योगहरुको बारेमा बालबालिकाई पाठ मौन पठन गर्न लगाई समुहमा विभाजन गरी फाईदाहरु समुहमै लेख्न लगाउने र प्रस्तुत गर्न लगाउने शिक्षकले आवश्यक सहयोग गर्ने | बज्राशन कति बेला गर्नु उपयुक्त हुन्छ ? | |
| | योगाशनका ६ वटै प्रकारहरुलाई अभ्यास गरेर देखाउन | योगाशनका ६ वटै प्रकारहरुलाई अभ्यास गरेर देखाउन | कक्षाका सबै विद्यार्थीहरुलाई सफा चउरमा लगेर बसाली शिक्षकले नमुना अभ्यास गरेर देखाउदै क्रमश उनीहरुलाई पनि गर्न लगाउने अभ्यास गराउदै जाँदा केही विद्यार्थीहरुले छिटो सिक्दै जाने हुदा अभ्यस्त भएका विद्यार्थीहरुलाई टोली नेताको रुपमा प्रयोग गरी योगाभ्यासको नेतृत्व गर्न लगाउने आवश्यकता अनुसार शिक्षकले सुधारात्मक सिकाई गर्दै सबै विद्यार्थीहरुलाई ६ वटै आसनमा अभ्यस्त गराउने | उत्तानपाद आशन भनेको कस्तो आशन हो ?<br>आनन्द मन्दिर आशन कसरी गर्न सकिन्छ ? | ६ |

## विषय विस्तृतीकरण

## कक्षा ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पा.भा. |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडी बुटी | प्राकृतिक चिकित्सा पद्धतिमा खानपिन र उपबासको महत्व बताउन । | प्राकृतिक चिकित्सा पद्धतिमा खानपिन र उपबासको महत्व । | विद्यार्थीहरुलाई कस्तो खाना शरीरको लागि उपयुक्त हुन्छ भनी सोध्ने प्राप्त उत्तरलाई कालोपाटीमा टिप्दै जाने ।<br>सन्तुलित भोजन औषधीको रुपमा लिइन्छ भनी सन्तुलित भोजन र स्वस्थ मानिसको चित्र प्रदर्शन गरी स्पष्ट पारिदिने ।<br>उपबास भन्नाले के बुझिन्छ ? प्रश्नोत्तर बिधिकै माध्यमबाट बिद्यार्थीहरुबाट प्राप्त उत्तरलाई समायोजन गर्दै सहजीकरण गरिदिने ।<br>स्वास्थ्य संरक्षणको लागि उपबासलाई किन महत्वपूर्ण साधन मानिन्छ ? यस बिषयमा समूह बिभाजन गरी | सन्तुलित भोजन भन्नाले के बुझिन्छ ?<br>उपबासलाई किन प्राकृतिक चिकित्साको रुपमा लिइन्छ ? | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बालबालिकालाई उत्तर खोज्न लगाउने ।<br>प्रस्तुत गर्न लगाउने। छुट भएका कुराहरु शिक्षकले स्पष्ट पारिदिने । | | |
| | बिद्यार्थीहरु दालचिनी, अदुवा, घयूकुमारी,नीम,बोभ्को,पुदिना जस्ता जडीबुटीहरु चिन्न र तिनको उपयोग बताउन सक्ने छन् । | बिद्यार्थीहरु दालचिनी, अदुवा, घ्यूकुमारी,नीम,बोभ्को,पुदिना जस्ता जडीबुटीहरुको पहिचान र तिनको उपयोग | शिक्षकले नमूनाको लागि दालचिनी, अदुवा, घयूकुमारी,नीम,बोभ्को,पुदिना जस्ता जडीबुटीहरु कक्षामा लैजाने ।<br>उल्लेखित जडीबुटीहरुको बारेमा विद्यार्थीहरुलाई सोध्ने ।<br>देखे नदेखेका सबै विद्यार्थीहरुलाई जडीबुटी छुन छाम्न दिई पहिचान गराउने ।<br>प्रश्नोत्तर बिधिकै माध्यमबाट उल्लेखित जडी बुटीहरुको उपादेयता बताउने । | दालचिनी कहा पाइन्छ ?<br>नीमको प्रयोग प्राय के का लागि गरिन्छ ?<br>पुदिनाको बढी प्रयोग कस्तो अवस्थामा गरिन्छ ? | ६ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ६

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | तिनाउ सभ्यताको महत्व बताउन | तिनाउ सभ्यता अर्न्तगत शिक्षा , कलाकृति, साहित्य , संगीत , संस्कार , व्यापार व्यवसाय तथा अन्य विकास सम्वन्धी जानकारी दिन । | सभ्यताको सन्दर्भमा विद्यार्थीहरु संग प्रश्नोत्तर विधिको आधारमा छलफल चलाई सभ्यताको परिभाषा स्पस्ट पार्ने र लेखाउने ।<br>तिनाउको आदिकालको सभ्यता, मध्यकालको सभ्यता आधुनिक सभ्यता सम्वन्धि jigsaw technique प्रयोग गरी स्पस्ट गर्ने | सभ्यता भनेको के हो ?<br>तिनाउको आदिकालको सभ्यताको कुनै २ वटा बिशेषता उल्लेख गर्नुहोस् ।<br>बुटवल व्यापारिक केन्द्र हुनुका कुनै २ वटा कारणहरु उल्लेख गर्नुहोस् । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ।<br>विद्यार्थीहरु लाई ६ समूहमा विभाजन गरी कलाकृति, साहित्य , संगीत , संस्कार ,शिक्षा र व्यापारको चिट वितरण गर्ने । सबै समूहलाई आपसमा छलफल गर्न लगाई सम्वन्धित विषयमा बुटवलमा भएको विकास टिपोट गरी लिपिवद्ध गरी प्रस्तुत गर्न लगाउने । शिक्षकले सहजीकरण को भूमिका निर्वाह गर्ने ।<br>सबै समूहलाई पालै पालो छोटो जानकारी प्रस्तुत गर्न लगाउने ।<br>सबै समूह सबै विषयमा स्पस्ट भए नभएको मूल्याङ्कनगर्ने ।अपेक्षित उपलव्धि प्राप्त हुन नसके पुनः पुनः छलफल चलाई निष्कर्षमा पुग्ने । | | |

**विषयबस्तुको विस्तृतीकरण**

**कक्षा ६**

| क्षेत्र | सिकाइ उपलब्धि/बिशिष्ट उद्देश्य | बिषयबस्तुको बिस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भाबित मूल्याङ्कन प्रकृया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | लुम्बिनीको अबस्थिति बताउन | लुम्बिनीकोअबस्थिति :<br>प्रदेश, जिल्ला ,लुम्बिनीले ओगटेको क्षेत्रफल,वरिपरिका गाँउपालिका तथा नगरपालिका र ऐतिहासिक सभ्यता । | लुम्बिनीकोअबस्थिति रहेको प्रदेश, जिल्ला गाँउ पालिका/नगरपालिकाको नाम प्रशनोत्तर बिधि बाट लिई बोर्डमा टिप्ने र बिद्यार्थीलाई पनि टिप्न लगाउने ।<br>लुम्बिनीले ओगटेको कुल क्षेत्रफल वरिपरि जोडिएका गाँउपालिका /नगरपालिकाको नाम के होला भनी | लुम्बिनी संग जोडिएका गाउ पालिका र नगर पालिकाको नाम लेख्नु होस् ।<br>लुम्बिनीले जम्मा कति | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिद्यार्थी संग छलफल प्रश्नोत्तर गर्ने ।प्राप्त उत्तरहरुबोर्डमा टिप्दै जाने र उपयुक्त उत्तरहरु सहजीकरणका साथ बिद्यार्थीहरुलाई सार्न र पढ्न लगाउने ।<br>लुम्बिनीको ऐतिहासिक सभ्यताको जानकारीकालागि jigsaw technique .को प्रयोग गर्ने । | क्षेत्रफल ओगटेको छ ?<br>लुम्बिनीको ऐतिहासिक सभ्यताको सामान्य जानकारी दिनुहोस् । | |
| | लुम्बिनी आस्थाको केन्द्र भएको कुरा पुष्टि गर्न | लुम्बिनी बौद्धमार्गीहरुको आस्थाको केन्द्र हुनुका कुराहरु | शिक्षकले बिद्यार्थीहरुलाई बुद्ध दर्शनका तीन सम्प्रदाय हिनयान,महायान र बज्रयानको परिचय दिने ।सबैखाले सम्प्रदायमा आस्था राख्ने बिश्वकै प्रमुख केन्द्रकै रुपमा लुम्बिनी रहेको कुरा बिभिन्न माधयमबाट स्पष्ट पार्ने ।लुम्बिनीलाईआर्थिक भौतिक सहयोग गर्ने राष्ट्रहरुको सुचि बिद्यार्थीहरुकै सहयोगमा तयार पार्ने ।शिक्षकले आबशयकता अनुसार सहजीकरण गरिरहने ।बिश्व सम्पदा सूचिको शन्दर्भमा सम्बन्धित अनुचछेद पढ्नलगाई प्रश्नोत्तर बिधि अनुसार छलफल गराउने र स्पष्ट पारिदिने । लुम्बिनी अनतराष्ट्रियसम्पदाको रुपमा परिचित भै सकेको हुदा अबलोकन भ्रमणको योजना बनाई भ्रमणमा लैजाने र महत्वपूर्णटिपोटहरु टिप्न लगाउने । | बुद्ध दर्शनका तीन सम्प्रदाय के के हुन् ?<br>लुम्बिनीमा सहयोग गर्ने कुनै ५ राष्ट्रको नाम लेख्नुहोस् ।<br>लुम्बिनी बिश्व सम्पदा सूचिमा कहिले देखि आबद्ध भयो ? लेख्नुहोस् । | १२ |
| हाम्रो संस्कृति | हामी नेपालीहरुको सांस्कृतिक बिशेषता बताउन । | हामी नेपालीको सांस्कृतिक बिशेषताहरु : प्राचीनता ,<br>निरन्तरता,परिवर्तनशीलता,सहिष्णुता,ग्रहणशीलत ,आध्यात्मिकता तथा भौतिकता ,समन्वय तथा अनेकतामा एकता रहेको कुरा बताउन । | शिक्षकले सिङ्गो कक्षालाई ४ समूहमा बिभाजन गर्ने र प्रत्येक समूहलाई २ २ वटा बिशेषता आपसमा छलफल गर्न नोट बनाउन लगाउने ।<br>प्रत्येक समूहले आ आफ्नो भागमा परेका बिशेषताहरुको टिपोट अगाडि आई अन्य साथीहरुलाई सुनाउने । आबश्यकता अनुसार शिक्षकले सहजीकरण गर्ने ।<br>पाठमा उल्लेखित बिशेषताहरुबाट हो होइनमा आधारित प्रश्नहरु तयार गर्ने र कक्षालाई २ | हाम्रो सांस्कृतिक बिशेषतामा उल्लेखित निरन्तरता भन्नले के बुझ्नु हुन्छ ।<br>हाम्रो सांस्कृतिक बिशेषतामध्ये कुनै ४ वटाको नाम लेख्नुहोस ।<br>अनेकतामा एकता भनेको के हो ? | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भागमा विभाजन गरी सही उत्तरको लागि १ अङ्क दिने गरी खेलमा बिद्यार्थीहरु लाई सहभागी गराउने । धेरै उत्तर दिने समूहलाई बिजेता घोषणा गरी प्रोत्साहित गर्ने । | | |
| | छठपर्वको बर्णन गर्न । | छठपर्वको ऐतिहासिक पृष्ठभूमि मनाउने प्रक्रिया र मुख्य मुख्य विशेषता | शिक्षकले बिद्यार्थीहरुलाई छठपर्वको ऐतिहासिक पृष्ठभूमि समेटिएको पाठ मौन वाचन गर्न लगाउने ।<br>विद्यार्थीहरुले पढिसके पछि प्रश्नोत्तर विधिको माध्यमबाट मुख्य मुख्य कुराहरु बोर्डमा टिप्दै जाने र बिद्यार्थीहरुलाई पनि लेखन गर्न लगाउने ।<br>छठपर्व मनाउने शन्दर्भमा विद्यार्थीको घर घरमा मनाइने तरिकाविद्यार्थी हरु बिचमै छलफल गराउने। विशेषताहरु छलफलबाटै संकलन गर्ने र पाठ संग मिलान गर्ने ।<br>यसपर्वका मुख्य बिशेषता र सन्देश विद्यार्थीहरुलाईनै बनाउन लगाउने आबश्यकताअनुसार परिमार्जन सहित बोर्डमा लेखिदिने र विद्यार्थीलाई लेख्न लगाउने । | छठपर्वकोप्रारम्भ कसरी भयो ?<br>छठपर्व मनाउने तरिका के के हुन्?<br>छठपर्वले समाजमा कस्तो शिक्षा प्रदान गरेको छ ? | १२ |

**विषयवस्तुको विस्तृतीकरण**
**कक्षा ६**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्‌देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| **हाम्रो** | इस्लाम धर्मको उत्थान | ह्जरत मुहम्मदको जन्म पारिवारिक | शिक्षकले विद्यार्थीहरुलाई ४ समूहमा विभाजन | हजरत मुहममद को हुन | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| आस्था | कसरी भयो बताउन ि। | स्थिति र इस्लाम धर्मको प्रवर्तन | गर्ने रआबश्यकता अनुसार किताब समेतको अध्ययन गर्ने गरी हजरत मुहम्मदको जन्म, पारिवारिक स्थिति इस्लाम धर्मको शुरुवातका मुख्य मुख्य घटना टिपोट गर्न लगाउने ।<br>समूहमा छलफल गर्न लगाई समष्टिगत रुपमा समूहको तर्फबाट एउटा प्रतिबेदन स्वरुप बिबरण प्रस्तुत गर्न लगाउने ।<br>अन्य समुहले धैर्यसाथ सुन्ने र टिप्पणी गर्ने ।<br>शिक्षकले परिमार्जन सहित स्पष्ट पारिदिने । | इस्लाम धर्म कहिले देखि प्रारम्भ भयो ? | |
| | इस्लाम आचरणका मुख्य मुख्य कुराहरुको व्याख्या गर्न | इस्लाम धर्माबलम्बीहरुले अपनाउने आचार संहिता | शिक्षकले बिद्यार्थीहरुलाई ४ समूहमा वबभाजन गर्ने र आबश्यकता अनुसार किताब समेतको अध्ययन गर्ने गरी इस्लाम धर्मावलम्बीहरुको आचरर्णको मुख्य मुख्य इमान लगायतका आचरणहरु टिपोट गर्न लगाउने ।<br>समूहमा छलफल गर्न लगाई समष्टिगत रुपमा समूहको तर्फबाट एउटा प्रतिवेदन स्वरुप विवरण प्रस्तुत गर्न लगाउने ।<br>अन्य समुहले धैर्यसाथ सुन्ने र टिप्पणी गर्ने ।<br>शिक्षकले परिमार्जन सहित स्पष्ट पारिदिने | इस्लाम धर्मका ५ आचार संहिताहरु के के हुन् उल्लेख गर्नु होस् । | ९ |
| | इस्लाम धर्मको ब्यापकता तथा यसको शन्देश बताउन । | इस्लाम धर्मको व्यापकता तथा यसको सन्देश | शिक्षकले बिद्यार्थीहरुलाई ४ समूहमा बिभाजन गर्ने रआबश्यकता अनुसार किताब समेतको अध्ययन गर्ने गरी इस्लाम धर्मावलम्बीहरुको दोस्रो ठूलो धर्मको रुपमा ब्यापकता हुन गएको कुराटिपोट गर्न लगाउने । यसका साथै प्रत्येक क्षेत्रबाट आर्जित कमाइको केही प्रतिशत दानको रुपमा पर सार्ने सन्देश समेत<br>समूहमा छलफल गर्न लगाई समष्टिगत रुपमा समूहको तर्फबाट एउटा प्रतिबेदन स्वरुप बिबरण प्रस्तुत गर्न लगाउने ।<br>अन्य समुहले धैर्यसाथ सुन्ने र टिप्पणी गर्ने ।<br>शिक्षकले परिमार्जन सहित स्पष्ट पारिदिन | इस्लाम धर्म किन दास्रो ठूलो धर्मको रुपमा देखिन आएको छ ?<br>इस्लाम धर्मले दिन खोजेको सन्देश के होला ? | ९ |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ६

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषवबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ संस्थाहरु | रोटरी क्लबको स्थापना उदेश्य महत्व र बुटवलमा यसको प्रभाव | रोटरी क्लबको स्थापना उद्रदेश्य महत्त्व र बुटवलमा यसको प्रभाव | शिक्षकले विदार्थीहरुलाई प्रश्नोत्तर बिधिको माध्यमबाट रोटरी क्लब बुटवलको अवस्थिति,स्थापना ,यसका मुख्य मुख्य उद्वेशयहरु,रोटरीको महत्त्व ,बुटवलमा यसको प्रभाव का साथै यसको गठन प्रक्रिया, यसको अन्य देश र बिभिन्न संस्था संगको सम्बन्धको बारेमा छलफल गर्ने। मुख्य मुख्य कुराहरु शिक्षकले छलफलकै कममा बोर्डमा टिप्दै जाने । विद्यार्थीहरुलाई नोटको रुपमा टिप्न लगाउने । विद्यार्थीहरुलाई संख्या अनुसार समूहमा बिभाजन गर्न लगाउने। समूहमै छलफल गरी उत्तर लेख्न लगाउने।समूह नेतालाई कमिक रुपमा प्रस्तुत गर्न लगाउने ।शन्दर्भ र विषयबस्तु अनुसार शिक्षकले विद्यार्थीहरुलाई पृष्ठपोषण दिई सहयोग गर्ने । | रोटरी क्लबको स्थापना कहिले भयो ?<br>ब्टवलमा यसको प्रभाव कस्तो रहेको छ ?<br>यसको गठन प्रकिया के हो ?<br>यसले कस्ता कस्ता कार्यक्रम सन्चालन गर्दछ ? | ७ |
| | लायन्स क्लबको स्थापना उदेश्य महत्व र बुटवलमा यसको प्रभाव बताउन । | लायन्स क्लबको स्थापना उदेश्य महत्व र बुटवलमा यसको प्रभाव | शिक्षकले विदार्थीहरुलाई प्रश्नोत्तर बिधिको माध्यमबाट रलायन्स क्लब बुटवलको अवस्थिति,स्थापना ,यसका मुख्य मुख्य उद्देश्यहरु,लायन्सको महत्त्व ,बुटवलमा यसको प्रभाव का साथै यसको गठन प्रक्रिया, यसको अन्य देश र बिभिन्न संस्था संगको सम्बन्धको बारेमा छलफल गर्ने। मुख्य मुख्य कुराहरु शिक्षकले छलफलकै कममा बोर्डमा टिप्दै जाने । बिद्यार्थीहरुलाई नोटको रुपमा टिप्न लगाउने । बिद्यार्थीहरुलाई संख्या अनुसार समूहमा बिभाजन गर्न लगाउने। समूहमै छलफल गरी उत्तर लेख्न | लायन्स क्लबको स्थापना कहिले भयो ?<br>बुटवलमा यसको प्रभाव कस्तो रहेको छ ?<br>यसको गठन प्रकिया के हो ?<br>यसले कस्ता कस्ता कार्यक्रम सन्चालन गर्दछ ? | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाउने।समूह नेतालाई कमिक रुपमा प्रस्तुत गर्न लगाउने सन्दर्भ र विषयबस्तु अनुसार शिक्षकले विद्यार्थीहरुलाई पृष्ठपोषण दिई सहयोग गर्ने । | | |
| | जेसिस रुपन्देहीको स्थापना उद्देश्य महत्व र बुटवलमा यसको प्रभाव बताउन | जेसिस रुपन्देहीको स्थापना उ्द्देश्य महत्त्व र बुटवलमा यसको प्रभाव | शिक्षकले विद्यार्थीहरुलाई प्रश्नोत्तर विधिको माध्यमबाट जेसिस रुपन्देहीका अबस्थिति,स्थापना ,यसका मुख्य मुख्य उद्वेशयहरु,जेसिसको महत्व ,बुटवलमा यसको प्रभाव का साथै यसको गठन प्रक्रिया, यसको अन्य देश र बिभिन्न संस्था संगको सम्बन्धको बारेमा छलफल गर्ने। मुख्य मुख्य कुराहरु शिक्षकले छलफलकै कममा बोर्डमा टिप्दै जाने । विद्यार्थीहरुलाई नोटको रुपमा टिप्न लगाउने । विद्यार्थीहरुलाई संख्या अनुसार समूहमा विभाजन गर्न लगाउने। समूहमै छलफल गरी उत्तर लेख्न लगाउने।समूह नेतालाई कमिक रुपमा प्रस्तुत गर्न लगाउने।सन्दर्भ र बिषयबस्तु अनुसार शिक्षकले बिद्यार्थीहरुलाई पृष्ठपोषण दिई सहयोग गर्ने । | जेसिस रुपन्देहीको स्थापना कहिले भयो ?<br>बुटवलमा यसको प्रभाव कस्तो रहेको छ ?<br>यसको गठन प्रक्रिया के हो ?<br>यसले कस्ता कस्ता कार्यक्रम सन्चालन गर्दछ | ७ |
| | लियो क्लबको स्थापना उद्र्देश्य महत्व र बुटवलमा यसको प्रभाव बताउन | लियो क्लबको स्थापना उद्र्देश्य महत्व बुटवलमा यसको प्रभाव बताउन । | शिक्षकले विद्यार्थीहरुलाई प्रश्नोत्तर बिधिको माध्यमबाट लियो क्लबका अवस्थिति,स्थापना ,यसका मुख्य मुख्य उद्देश्यहरु,लियोको महत्त्व ,बुटवलमा यसको प्रभाव का साथै यसको गठन प्रक्रिया, यसको अन्य बिभिन्न संस्था संगको सम्बन्धको बारेमा छलफल गर्ने । मुख्य मुख्य कुराहरु शिक्षकले छलफलकै कममा बोर्डमा टिप्दै जाने । विद्यार्थीहरुलाई नोटको रुपमा टिप्न लगाउने । | लियोक्लबको स्थापना कहिले भयो ?<br>बुटवलमा यसको प्रभाव कस्तो रहेको छ ?<br>यसको गठन प्रक्रिया के हो ?<br>यसले कस्ता कस्ता कार्यक्रम सन्चालन गर्दछ ? | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विद्यार्थीहरुलाई संख्या अनुसार समूहमा बिभाजन गर्न लगाउने। समूहमै छलफल गरी उत्तर लेख्न लगाउने।समूह नेतालाई कमिक रुपमा प्रस्तुत गर्न लगाउने।सन्दर्भ र विषयवस्तु अनुसार शिक्षकले विद्यार्थीहरुलाई पृष्ठपोषण दिई सहयोग गर्ने । | | |

विषय विस्तृतीकरण

**कक्षा ६**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण कियाकलाप | सम्भावित मूल्याङ्गन प्रकिया | पा.भ. |
|---|---|---|---|---|---|
| योग | योगासनका निम्न ६ आसनका बारेमा परिचय दिन<br>१. पवन मुक्तासन<br>२. मत्स्यासन<br>३. हलासन<br>४. सप्रबज्रासन<br>५. भुजङ्गासन<br>६. सर्वाङ्गासन | योगाशनका निम्न ६ आशनका बारेमा परिचय दिन<br>१. पवन मुक्तासन<br>२. मत्स्यासन<br>३. हलासन<br>४. सप्रबज्रासन<br>५. भुजङ्गासन<br>६. सर्वाङ्गासनलाई सिन्के वा संकेत चिन्ह सहित परिचय दिन | शिक्षकले प्रस्तुत योगासनका ६ प्रकार मध्ये पवनमुक्तासन लाई विद्यार्थीहरुले सुन्ने गरी वताउदै वोर्डमा लेखिदिने । सिन्के वा संकेत चिन्हको आधारमा योगको चित्र बनाई स्पष्ट पारिदिने क्रमश अन्य उल्लेखित पाँच आसन हरु समेत अभ्यास गराँउदै सिकाउने | उल्लेखित योगासनका ६ प्रकार मध्ये कुनै तीनको नाम भन्नुहोस् । पवनमुक्तासनलाई संकेत चित्रको आधारमा उल्लेख गर्नुहोस् । | ९ |
| | योगासनका उल्लेखित ६ वटा प्रकारका मुख्य फाइदा बताउन । | योगासनका उल्लेखित ६ वटा प्रकारका मुख्या फाईदा बताउन | प्रस्तुत योगाशनको विषयमा प्रस्नोत्तर विधिको आधारमा विद्यार्थी संग छलफल गर्ने, छलफलमा आएका कुराहरुलाई बोर्डमा टिप्दै जाने र विद्यार्थीलाई पनि टिप्न लगाउने समूह बनाई छलफल गर्न लगाउने र अभ्यास समेत गर्न लगाउने शिक्षकले आवश्यकता सहजीकरण गर्दै जाने क्रमिक रुपमा अन्य आसनहरुको समेत विद्यार्थीहरुलाई जानकारी दिने | पवनमुक्तासनको मुख्य फाईदा के हुन सक्छ ? कुनै दुई ओटा उल्लेख गर्नुहोस् । भुजङ्गासन कसरी गरीन्छ ? | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | योगासनका ६ वटै प्रकारको अभ्यास गरेर देखाउन । | योगासनका प्रस्तुत ६ वटा प्रकारहरुलाई विद्यार्थीहरु स्वयंले क्रमिक रुपमा अभ्यास गरेर प्रदर्शन गर्न | सफा चौरमा लगेर या सम्भव भए गुन्दी दरी या म्याट ल्याउन लगाएर कक्षाका सबै स्वस्थ्य विद्यार्थी हरुलाई उचित आसनमा फिँजारेर देखाउने । क्रमश : विद्यार्थीहरुलाई अनुकरण गर्दै अभ्यास गर्न लगाउने । अभ्यास गराउँदै जाँदा केही विद्यार्थी ले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाएर गर्न र अरुलाई तिनका पछाडि बसाली अनुकरणात्मक अभ्यास गर्न सघाउने । शिक्षकले निरीक्षण गर्ने विराएका विद्यार्थीहरुलाई सुधारात्मक सिकाई अभ्यास गराउँदै सम्पुर्णलाई क्रमशः अभ्यस्त बनाउने | मत्स्यासन कस्तो आसन हो ? कसरी गरिन्छ ? | ९ |

## विषय विस्तृतीकरण

## कक्षा ६

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्गन प्रक्रिया | पा.भा. |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडी बुटी | प्राकृतिक चिकित्सा पद्धतिमा माटो द्वारा उपचार हुने कुरा बताउन । | प्राकृतिक चिकित्सा पद्धतिमा माटो द्वारा उपचार | प्राकृतिक चिकित्सा पद्धतिमा माटोको प्रयोग गरी उपचार भएको कुरा बिद्यार्थीले थाहा पाए न पाएको बिषयमा छलफल गर्ने ।<br>माटोको गुण तथा आकार बदल्न सकिने कुरा प्रयोग गरी देखाउन बिद्यार्थी लाई नै क्रियाशील गराउने ।<br>माटोबाट हुन सक्ने उपचारात्मक फाइदाको निम्ति १ दिने शैक्षिक भ्रमण योजना बनाई सैनामैना १ बनकट्टामा लगी प्रत्यक्ष अवलोकन गराई माटोको उपचार पद्धतिबारे जानकारी दिने ।<br>अबलोकन बाट प्राप्त तथ्यलाई अर्को कक्षामा छलफल टिपोट र समीक्षा गर्ने । | माटोको प्रयोगबाट के के रोगहरु निको पार्न सकिन्छ ? प्राकृतिक चिकित्सामा प्रयोग गरिने माटो कति फिट गहिरोबाट निकाल्नु पर्दछ ? | ८ |
| | प्राकृतिक चिकित्सामा जलोपचारको बारेमा बताउन । | प्राकृतिक चिकित्सा पद्धतिमा जलको माध्यमबाट हुन सक्ने | शिक्षकले वातजन्य रोगको निम्ति लाभदायक जलद्वारा गरिने चिकित्सा जस्तै बाष्पस्नान,कटी | जलोपचार पद्धतिले प्राय कुन रोग लाई उपचार गर्न मदत | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्नान, टप स्नान आदि अन्य नुहाइबाट हुने चिकित्साको बारेमा उदाहरण सहित स्पष्ट गरिदिने । जलबाट हुने चिकित्साको बिषयमा कक्षामै प्रतियोगिता सन्चालन गरी बिद्यार्थीलाई अध्ययनमा सक्रिय बनाउने । | गर्दछ ? | |
| | विद्यार्थीहरु तुलसी,टोप्रेभ्कार(ब्राह्मी ) पुनर्नवा, हलेदो , असुरो, बकाइनो जस्ता जडीबुटीहरु चिन्न र तिनको उपयोग बताउन सक्ने छन् । | बिद्यार्थीहरु तुलसी,टोप्रेभ्कार( ब्राह्मी ) पुनर्नवा, हलेदो , असुरो, बकाइनो जस्ता जडीबुटीहरु चिन्न र तिनको उपयोग बताउन सक्ने छन् । | शक्षकले नमूनाको लागि तुलसी,टोप्रेभ्कार(ब्राह्मी ) पुनर्नवा, हलेदो , असुरो, बकाइनजस्ता जडीबुटीहरु कक्षामा लैजाने ।<br>उल्लेखित जडीबुटीहरुको बारेमा विद्यार्थीहरुलाई सोध्ने ।देखे नदेखेका सबै बिद्यार्थीहरुलाई जडीबुटी छुन छाम्न दिई पहिचान गराउने ।<br>प्रश्नोत्तर विधिकै माध्यमबाट उल्लेखित जडी बुटीहरुको उपादेयता बताउने । | टोप्रेभ्कार ( ब्राह्मी) कहा पाइन्छ ?<br>तुलसीको प्रयोग प्राय के का लागि गरिन्छ ?<br>प्राय भान्सामा प्रयोग हुने जडी बुटीको नाम के हो ? | ८ |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ७**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | बुटवलको हावापानी र जनजीवनको बारेमा बताउन । | बुटवलको वर्षाको किसिम<br>हावा ( मनसुनी र पश्चिमी )<br>तापमान<br>जनजीवन ,कृषि व्यापार , शिक्षा आदिको बारेमा बताउन । | प्राकृतिक नक्सा तथा छलफल विधिको प्रयोग गरी बुटवलको हावा पानीको विषयमा स्पष्ट पार्ने ।वाफिलो र शुष्क हावाको उदाहरण मौसम अनुसार छलफल र उदाहरण बाटै प्रष्ट पार्ने । तापमानको लागि ब्यारोमिटर समेतका उपकरण प्रयोगगर्दै जानकारी दिने ।जनजीवनको जानकारीको लागि विद्यार्थीहरु बिच नै प्रश्नोत्तर विधिको माध्यमबभट छलफल गराउने । विभिन्न विद्यार्थीहरुबाट प्राप्त जानकारीहरु समष्टिगत रुपमा एकिकृत गरी यहाको व्यापार, | वाफिलो हावा वग्ने समय कुन हो ?<br>ब्टवलको सरदर तापमान कति हुन्छ ?<br>बुटवलमा कुटिर उद्योगबाट निर्मित कुनै ५ वटा वस्तु हरुको नाम लेख । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उद्योग,उद्योगहरुबाट सिर्जित बिभिन्न रोजगार, वस्तुहरुको निकासी, बुटवल औद्योगिक क्षेत्रबाट उत्पादित बिभिन्न वस्तुहरु,कुटिर उद्योगबाट निर्मित वस्तुहरुः ढाका, ढकिया, गुन्द्री, नाङ्ला, मान्द्रा मुडाआदिको जानकारी दिने ।आवश्यकता अनुसार अध्ययन भ्रमणको योजना बनाई विद्यार्थीलाई स्थलगत अध्ययन गराउने ।शिक्षाको मोफसलको राजधानी बुटवल हो भन्ने कुरा प्रमाण सहित जानकारी गराउने । | | |

## विषयबस्तुको विस्तृतीकरण
## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्‌देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु | जगदीशपुर तालको अवस्थिति क्षेत्रफल र महत्त्व | जगदीशपुर तालको अवस्थिति क्षेत्रफल महत्त्व | शिक्षकले जगदीशपुर तालको विद्यार्थीलाई समग्र जानकारी दिलाउन शैक्षिक भ्रमणको योजना बनाई विद्यार्थीलाई जगदीशपुर ताल लैजाने ।<br>विद्यार्थीहरुलाई त्यहा भएका सूचना, जानकारी तथ्याङ्ग तथा उल्लेखनीय बस्तुको टिपोट गर्न लगाउने ।<br>अर्को दिनको कक्षामा बिद्यार्थीहरुको ४/४ | जगदीशपुर ताल कहाँ अबस्थित छ?<br>यसको क्षेत्रफल कति छ ?<br>यहा कहाँ कहाँ सम्मका चराहरु आउने गर्दछन् ? | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जनाको समूह बनाई placemat method प्रयोग गरी जगीदशपुर तालमा देखेका अनुभब गरेका, सुनेका , टिपोट गरेका उल्लेखनीय कुराहरु छलफल गरी लेख्न लगाउने । लिपिबद्ध समूह कार्यको प्रस्तुतिका लागि शिक्षकले सहजीकरण गर्ने । जगदीशपुर तालको शिक्षक विद्यार्थीले समग्र समीक्षा गर्ने र आ आफ्नो तर्फबाट भए गरेका कमी कमजोरीहरु अन्त्यगर्न प्रयास गर्दै जाने । | | |
| | हिलपार्कको अवस्थिति क्षेत्रफल र महत्त्व | हिलपार्कको अवस्थिति क्षेत्रफल र महत्व | शिक्षकले हिलपार्कको समग्र जानकारी दिलाउन शैक्षिक भ्रमणको योजना बनाई विद्यार्थीलाई हिलपार्क लैजाने । विद्यार्थीहरुलाई त्यहा भएका सूचना, जानकारी तथ्याङ्क तथा उल्लेखनीय वस्तुको टिपोट गर्न लगाउने । अर्को दिनको कक्षामा बिद्यार्थीहरुको ४/४ जनाको समूह बनाई placemat method प्रयोग गरी हिलपार्कमा देखेका अनुभब गरेका, सुनेका , टिपोट गरेका उल्लेखनीय कुराहरु छलफल गरी लेख्न लगाउने । लिपिबद्ध समूह कार्यको प्रस्तुतिका लागि शिक्षकले सहजीकरण गर्ने । हिलपार्कको शिक्षक बिद्यार्थीले समग्र समीक्षा गर्ने र आ आफ्नो तर्फबाट भए गरेका कमी कमजोरीहरु अन्त्यगर्न प्रयास गर्दै जाने । | हिलपार्क कहाँ अवस्थित छ? यसको क्षेत्रफल कति छ ? यहा किन बिहानमा मानिसहरुको ओइरो लाग्ने गर्दछ ? | १३ |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|

| | उद्देश्य | | | | |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | नेपालको सभ्यताको बारेमा बताउन | नेपाली सभ्यताको परिचय इतिहास, यसका सबलपक्षहरु,सभ्यताको निरन्तरता तथा गतिशीलता तथा बुटवलमा प्राप्त पुरातात्विक तथ्यहरु | सामान्यतः सभ्यता भनेको के हो भनी प्रश्नोत्तर बिधिको माध्यमबाट बिद्यार्थीहरु संग छलफल गर्ने। बिद्यार्थीले भनेका महत्वपूर्ण कुराहरु बोर्डमा टिप्दै जाने । सबै विद्यार्थीहरुलाई सक्रिय रुपमा सहभागी हुन प्रोत्साहित गर्ने । सभ्यता र इतिहासलाई जोड्दै जाने । सभ्यता र इतिहासको बारेमा बिद्यार्थी बिच बक्तृत्व कला सनचालन गरी पठनशील बनाउने ।<br>सभ्यताको बिकासक्रममा देखिएका सबलपक्षहरु के के हुन सक्दछन् भन्ने कुरालाइ{ fish bowl शिक्षण सिकाइको तरिका अपनाई बिद्यार्थीहरुलाई पालै पालो मौकादिई सहभागी गराउने शिक्षकले सहजीकरण गर्ने ।<br>समय बित्दै जादा सभ्यताले निरन्तरता पाएको कुरा र देशले राम्रो बाटोमा हिड्दैगरेको कुरा (( सभ्यताको निरन्तरता हिजो आज र भोलि )) जस्ता बिषयमा निबन्ध लेखनमा प्रतियोगिताको रुपमा अभ्यास गराउने । बिद्यार्थीहरुलाई प्रोत्साहित गर्दै जाने ।<br>बुटवल सिद्धबाबा धामको आसपासमा पाइएको पुरातात्विक मानवावशेष प्राप्त भएको स्थानको बारेमा भ्रमण योजना बनाई विद्यार्थीलाई सम्बन्धित स्थानमा लगी त्यसको वास्तवबक यथार्थता बताइदिने । | प्राचीन सभ्यता भन्नाले के बुझिन्छ स्पष्ट गर्नुहोस् ?<br>नेपालको इतिहासका सबलपक्षहरु के के हुन् ?<br>बुटवल क्षेत्रमा प्राप्त पुरातात्विक मानवावशेषको बारेमा तपाइलाई जानकारी भएका कुराहरु लेख्नु होस् । | २१ |

विषयबस्तुको विस्तृतीकरण
कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भाबित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो आस्था | क्रिश्चियन धर्मको परिचय र सम्प्रदायहरु बताउन | क्रिश्चियन धर्मको परिचय आदर्श पर्व सम्प्रदायहरुको यथार्थता | कश्चियन धर्मको बिषयमा बिद्यार्थीहरुलाई जानकारी दिन बिद्यार्थीको घर परिवारमा अपनाउदै आएको धर्मको बिषयमा जानकारी लिने र बोर्डमा टिप्दै जाने । क्रिश्चियन धर्म पनि अन्य धर्महरु जस्तै एक धर्म हो भन्ने कुराको सहजीकरण गरिदिने ।<br>इसामसिहको पारिबारिक पृष्टभूमि सहित बिद्यार्थीलाई क्रिश्चियन धर्मको सामान्य परिचय दिने । जानकारी दिदा प्राय प्रश्नोत्तर र छलफल बिधिनै प्रयोग गर्दा उपयुक्त होला ।<br>शिक्षकले सबै खाले धर्महरु लोकहित र कल्याणकालागि हुने कुराको सहजीकरण गर्दै क्रिश्चियन धर्मका आदर्श कुराहरु , इसामसिह इश्वरकृत दीब्य पुरुषको प्धानता आदिको बिषयमा बिद्यार्थीलाई शिक्षण सिकायका उपयुक्त माध्यम प्रयोग गरी स्पष्ट पारिदिने ।<br>बिभिन्न धर्मका बिभिन्न सम्प्रदाय हुन्छन् भन्ने कुरा उदाहरणको रुपमा प्रस्तुत गर्ने र बिद्यार्थीलाई क्रिश्चियन धर्मका सम्प्रदायहरु बिशेष गरी रोमन क्याथोलिक र प्रोटस्टैट गरी २ प्रकारका भएको कुरा बताउने ,टिप्न लगाउने , छलफल गर्ने गराउने ।<br>इसामसिह ईश्वरकृत दीब्य पुरुषको जन्म दिनलाई क्रिसमस डे को रुपमा मनाउने प्चलन | क्रिश्चियन धर्मका प्रवर्तक को हुन् ?<br>क्रिश्चियन धर्मको पबित्र ग्रन्थलाई के भनिन्छ ?<br>कश्चियन धर्मका मुख्य मुख्य संप्रदाय के के हुन् ?<br>क्रिसमस ट्री भन्नाले के बुझ्नु हुन्छ ? | १३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रही आएको तथ्य बिद्यार्थीहरुलाई जानकारी दिने । <br>क्रिसमस डेमा क्रिसमस ट्री ले रमणीयता प्रदर्शन गर्ने तथा गुड फ्राइडे मनाउने परम्परा उपलब्ध साधन को माध्यमबाट बिद्यार्थीलाई जानकारी गराउने । | | |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ७**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघ सँस्थाहरु | बुटवल स्थित बिशेष बिद्यालय एवं महावीर पुस्तकालयको परिचय र महत्व | रुपन्देही स्थित भिन्न भिन्न प्रकृतिका बिद्यालयहरु : साधना महिला बिद्यालय, ज्ञानोदय रात्री माध्यमिक ,कान्ति खुला बिद्यालय,कालिका मानबज्ञान कम्प्यूटर,नबिन सिभिल तथा नबरत्न कृषि प्राबिधिक तथा गुरुकूल एवं मदरसाको परिचय तथा विशेषता बताउन <br>महावीर पुस्तकालयको परिचय एवं महत्व | संपूर्ण कक्षालाई बिद्यार्थी संख्याको आधारमा ४/५ समुहमा बिभाजन गर्ने र बिभिन्न बिद्यालयका पाठ्य सामाग्री समेत सोही अनुसार बिभाजन गरी समूहलाई बितरण गर्ने । <br>सिकाइ बिधिको निम्ति jigsaw Technique को प्रयोग गर्ने । <br>सबै समूहका बिद्यार्थीहरुलाई पुन : A B C D नामाकरण गर्ने । <br>नयाँ समूहमा आ आफूले पढेका कुरास्पष्ट पार्न भन्ने ।केही बिद्यार्थीलाई मूल्याङ्कन समूहमा राखी सो समूह मार्फत नै अध्ययन गर्न दिइएको बिद्यालयहरुको बिषयमा हाजिरी जवाफ प्रतियोगिता गराउने । धेरै अङ्क ल्याउने समूहलाई बिजयी घोषित गर्ने । <br>अन्त्यमा शिक्षकले सार संक्षेप प्रस्तुत गर्ने । <br>प्रश्नोत्तर विधिको आधारमा रुपन्देहीको सबभन्दा प्राचीन पुस्तकालय महावीर पुस्तकालय सम्वन्धी जानकारी को लागिविद्यार्थी संग छलफल गर्ने । | साधना बिद्यालय कस्तो बिद्यालय हो ? <br>खुला बिद्यालयका कुनै ३ फाइदाहरु लेख्नु होस् । <br>बुटवलमा हाल बति प्रकारका प्राबिधिक बिद्यालयहरु सनचालित छन् ? | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विद्यार्थीहरुलाई आवश्यक समूहमा विभाजन गरी प्रत्येक समूहलाई न्यूजप्रिन्ट वितरण गरी placemate method द्वारा आ–आफ्नो जानकारी लेख्न लगाउने र समूहको प्रतिनिधिलाई प्रस्तुत गर्न लगाउने । अन्त्यमा शिक्षकले आवश्यकता अनुसार सुधार गरी निष्कर्ष प्रस्तुत गर्ने । | | |
| | गुरुकुल एवं मदरसाको परिचय तथा बिशेषता | गुरुकुल एवं मदरसाको परिचय तथा विशेषता | संपूर्ण कक्षालाई वद्यिार्थी संख्याको आधारमा ४/५ समुहमा विभाजन गर्ने र ५ ,५ मिनेट सबैलाईृ पाठ अध्ययन गर्न लगाउने ।<br>प्रत्येक समूहलाई न्यूज प्रिन्ट र उपयुक्त मार्कर बितरण गर्ने र place mate method अनुसार प्रत्येक विद्यार्थीले आ आफ्नो जानकारी न्युज प्रिन्टमा लेख्न लगाउने ।<br>सबै समूहहरुलाई न्युजप्रिन्टमा प्राप्त हुन आएका बिषयबस्तुहरुलाई एक आपसमा मन्थन गरी सार संक्षेप लेख्न लगाउने ।<br>सबै समूहलाई पालै पालो प्रस्तुत गर्न लगाउने ।<br>अन्तयमा शिक्षकले बिद्यार्थीहरुलाई प्रोत्साहन का साथ समिक्षात्मक निष्कर्ष दिने | | १० |

विषय विस्तृतीकरण

कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण कियाकलाप | सम्भाति मूल्याङ्गन प्रकिया | पा.भ. |
|---|---|---|---|---|---|
| योग | योगासनका छ प्रकारको आसनहरु<br>१. गोमुखासन<br>२. महावीरासन<br>३. उष्टासन<br>४. तुलासन<br>५. मकरासन | योगासनका ६ वटा प्रकारहरु :<br>१. गोमुखासन<br>२. महावीरासन<br>३. उष्टासन<br>४. तुलासन<br>५. मकरासन | शिक्षकले प्रस्तुत योगासनका प्रकारहरुको बारेमा कक्षलाई ६ समुहमा विभाजन गरी प्रत्येक समुहलाई एक/एक आसन दिई उक्त आसनको बारेमा जानकारी लेख्न लगाउने पुनः समूहलाई प्रत्येक समूहको एक/एक जना पर्ने गरी अर्को समूह निर्माण गर्ने र सबैले आ-आफ्ना कुरा समावेश गरी प्रतिवेदन | गौमुखासन भन्नाले कस्तो आसनलाई जनाउँछ ? | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. कन्धरासन बारे परिचय दिन | ६. कन्धरासन लाई सिन्के, संकेत वा अन्य चित्रसहित परिचय दिन | तयार गर्ने यो विधि अनुसार शिक्षण सिकाईको निमित्त विद्यार्थीहरुलाई प्रयोग गर्ने शिक्षकले आवश्यकता अनुसार प्रतिवेदनमा हेरफेर सुझाव वा सहजीकरण गर्ने | | |
| | प्रस्तुत ६ प्रकारका योगासनका फाइदाहरु बताउन | प्रस्तुत ६ प्रकारका योगासनका फाईदाहरु बताउन | प्रस्तुत योगासनका फाइदाहरु प्रश्नोत्तर विधिकै आधारमा विद्यार्थीहरुसँग प्राप्त भएका उत्तरहरुलाई छलफल गरी बोर्डमा टिप्ने र विद्यार्थीहरुलाई पनि टिप्न लगाउने विद्यार्थीबाट प्राप्त नभएका फाइदाहरुको शिक्षकले सहजीकरण गरी प्रस्ट गरिदिने | गोमुखासनका मुख्य फाइदाहरु के-के हुन् ? मकरासन बाट हुने फाइदा के-के हुन् ? | १२ |
| | योगासनका प्रस्तुत ६ वटा आसनहरुको अभ्यास गरेर देखाउन | योगासनका प्रस्तुत ६ वटा आसनहरुको अभ्यास गरेर देखाउन | विद्यार्थीहरुलाई सफा चौरमा लगेर या सम्भव भए गुन्दी दरी या म्याट ल्याउन लगाएर कक्षाका सबै स्वस्थ्य विद्यार्थी हरुलाई उचित आसनमा फिँजारेर देखाउने । क्रमश : विद्यार्थीहरुलाई अनुकरण गर्दै अभ्यास गर्न लगाउने । अभ्यास गराउँदै जाँदा केही विद्यार्थी ले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाएर गर्न र अरुलाई तिनका पछाडि बसाली अनुकरणात्मक अभ्यास गर्न सघाउने । शिक्षकले निरीक्षण गर्ने बिराएका विद्यार्थीहरुलाई सुधारात्मक सिकाई अभ्यास गराउँदै सम्पूर्णलाई क्रमशः अभ्यस्त बनाउने | उष्ट्रासन भन्नाले कस्तो आसन भन्ने बुझिन्छ ? यो कसरी गरिन्छ ? | १६ |

## विषय विस्तृतीकरण

## कक्षा ७

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पा.भा. |
|---|---|---|---|---|---|

| | उद्देश्य | | | | |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडी बुटी | विद्यार्थीहरुले बायु र चुम्बक द्वारा गरिने उपचार तथा उपचार प्रक्रिया बताउन सक्ने छन् । | बायु र चुम्बक द्वारा गरिने उपचार तथा उपचार प्रक्रिया | वायुद्वारा रोगको उपचार कसरी सम्भव छ भनी brain stormingको लागि केही प्रश्न दिने र उत्तर खोज्न लगाउने ।<br>वायुद्वारा रोगको उपचार व्याख्यान तथा छलफल विधिको आधारमा स्पष्ट गर्ने ।<br>यो बिधि प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरुको बारेमा सामान्य चर्चा गर्ने ।<br>चुम्बकद्वारा कस्तो रोगको उपचार सम्भब छ ? छलफल गरी स्पष्ट पार्ने ।<br>चुम्बक बिधिको उपचारको शिलशिलामा ध्यान दिनु पर्ने कुराहरु छलफल बिधि बाट स्पष्ट गर्ने । | बायुद्वारा कुन कुन रोगको उपचार सम्भब छ ?<br>बायुद्वारा उपचार गर्दा ध्यान दिनु पर्नेकुनै ३ कुराहरु लेखनु होस् ।<br>चुम्बकद्वारा कस्तो रोग निको पार्न सकिन्छ ?<br>यो बिधि प्रयोग गर्दा अपनाउनु पर्ने सतर्कता के के हुन् ? | १३ |
| | बिद्यार्थीहरुले पारिजात,बेल, आँक, सिमली, दुबोर सर्पगन्धा चिन्न र यिनको उपयोग बताउन । | विद्यार्थीहरुले पारिजात,बेल, आँक, सिमली, दुबो र सर्पगन्धाको पहिचान र यिनको उपयोग | शिक्षकले नमूनाको लागि पारिजात,बेल, आँक, सिमली, दुबोर सर्पगन्धा जस्ता जडीबुटीहरु कक्षामा लैजाने ।<br>उल्लेखित जडीबुटीहरुको बारेमा विद्यार्थीहरुलाई सोध्ने ।<br>देखे नदेखेका सबै बिद्यार्थीहरुलाई जडीबुटी छुन छाम्न दिई पहिचान गराउने ।<br>प्रश्नोत्तर विधिकै माध्यमबाट उल्लेखित जडी बुटीहरुको उपादेयता बताउने । | घर वरपर पाइने कुनै ४ गुणकारी जडीबुटीको नाम लेख्नुहोस् । ?<br>सर्पगन्धाको प्रयोग प्राय के का लागि गरिन्छ ?<br>आँक कस्तो जडी बुटी हो ? | १३ |

विषयवस्तुको विस्तृतीकरण

कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भाबित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| बुटवलको सेरोफेरो | बुटवलको अवस्थिति<br>चुरेपहाड यसको महत्व र | बुटवलको अवस्थिति<br>चुरेपहाड यसले समेटेको क्षेत्रफल | नेपालको राजनैतिक चित्र अगाडि राखी बुटवल पत्ता लगाउन लगाउने । | आक्षांस र देशान्तरको हिसाबले बुटवलको अवस्थिति उल्लेख गर्नुहोस | |

| | | | | | |
|---|---|---|---|---|---|
| | यसको संरक्षणको बारेमा बताउन | ,चुरे संग जोडिएका घास, दाउरा , पानी, ढुङ्गा वालुवा ,गिट्टी , फलफुल, जीवजन्तु, यसको महत्व र संरक्षणको बारेमा बताउन । | अक्षांश, देशान्तर ,समुद्र सतह देखिको उचाइ ,नजिकका पालिकाहरु, वडागत भौगोलिक बिभाजन , तिनाउ नदी को बारेमा प्रश्नोत्तर छलफल विधिबाट विदार्थीलाई जानकारी दिने ।मानचित्रको प्रयोग गर्न सिकाउने। चुरे पहाडको चिनारी :ऊचाइ,<br>पहाडमा पाइने विशेष वनस्पति, फलफूल तथा जडीबुटी,<br>स्थानीय जनसमुदायले लिइरहेको फाइदाः ढुङ्गा बालुवा ,गिट्टी, दाउरा ,घासपात, जडीबुटी काठ , हावापानी, जीवजन्तु आदिको बारेमा बारेमा प्रश्नोत्तर विधि अनुसार छलफल गराउने ।<br>पूर्व बाट पश्चिम सम्म अर्ध बृत्त आकारमा रहेको चुरे पहाडको महत्वको बारेमा कक्षामै वाद विवाद प्रतियोगिता सन्चालन गर्ने ।<br>चुरे पहाडको महत्व लेख्न लगाउने<br>चुरे पहाडको संरक्षणको बिषयमा कक्षामा छलफल चलाउने ।<br>सामुदायिक वन नीतिको जानकारी विद्यार्थीलाई दिने ।<br>कक्षामा भएका विद्यार्थीको संख्या अनुसार ५/ ६ जनाको १/१ समूह तयार गरी सबै समूहका प्रत्येक व्यक्तिलाई आ आफ्नो कपिमा चुरे संरक्षणका उपायहरु बुदागत रुपमा टिप्न लगाउने ।<br>व्यक्तिले टिपेका बुदाहरुलाई समष्टिगत समूहको रुपमा टिपोट मिलान गर्ने । सबै समूहलाई पालै पालो प्रस्तुत गर्न लगाउने ।शिक्षकले सहजीकरणको भूमिका निर्बाह गर्ने आवश्यकता अनुसार थपघट सुधार र निष्कर्ष दिने । | ।<br>बुटवललाई केन्द्रविन्दु मान्दा चुरेपहाड कहाँ देखि कहाँ सम्म फैलिएको छ ? चुरे पहाडबाट बुटवल बासीले के के फाइदा पाइरहेकाछन् । | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रा पर्यटन स्थलहरु । | मानव बिकासको संक्षिप्त इतिहास बताउन । | मानव बिकासको प्रारम्भिक चरण देखि हाल सम्मको विकासकमलाई छोटकरीमा अभिब्यक्त गर्न । तथा तिनाउ किनारामा पाइएको रामापिथेकसको बारेमा विशेष जानकारी हासिल गर्न । | मानव विकासको चार्ट प्रस्तुत गर्ने ।<br>पश्नोत्तर विधिको प्रयोग गरी प्रत्येक विकास कमका मानवको नाम र काल अवधि बारे चर्चा गर्ने ।<br>प्रत्येक विशिष्ट चरणको विशेषताबारे छलफल गर्ने ।<br>विद्यार्थी लाई २ समूहमा बिभाजन गरी यसै संग सम्बन्धित प्रश्नोत्तर विद्यार्थी बिच नै सन्चालन गर्ने ।<br>fish bowl technique प्रयोग गरी छलफल गर्ने ।<br>यस कियाकलापमा पालै पालो सबैलाई सहभागी बनाउने ।<br>तिनाउ किनारामा पाइएको मानवावशेष बङ्गाराको चित्र सहित छलफल गर्ने । | मानव बिकासको शुरुको चरणलाई के भनिन्छ ?<br>मानव बिकासको मुख्य मुख्य चरण मध्ये कुनै ५ चरणको नाम भन्नुहोस ।<br>रामापिथेकसको मानवावशेष बंगारा कति वर्ष पुरानो मानिएको छ ? | १५ |
| | नुवाकोट किल्लाको महत्व | नुवाकोट किल्लाको अबस्थिति, नेपाल अंग्रेज युद्ध ,पर्यटकीय महत्व ,नुवाकोट गुरुयोजना का साथै ऐतिहासिक बिबिध संरक्षणीय क्षेत्रको बारेमा अभिब्यक्ति दि । | सम्पूर्ण विद्यार्थीलाई प्रत्येक समूहमा ४ जना हुने गरी समूहहरु बनाउने ।<br>सबै समूहलाई न्यूजप्रिन्ट वितरण गर्ने ।<br>५ ,७ मिनेट सबै बिद्यार्थीलाई पाठ पढ्न लगाउने ।न्यूजप्रिन्टलाई ५ भागमा रेखाङ्कित गरी place mate method अनुसार आ आफ्ना बिचार लेख्न एउटा एउटा प्रश्न सबै समूहलाई दिने ।समूहकार्य प्रस्तुत गर्न लगाउने । शिक्षकले सहजीकरण गर्ने र समीक्षा गर्ने । | नुवाकोट किल्ला कहाँ अबस्थित छ ?<br>अंग्रेजहरु नेपाली फौज संग किन हारे ?<br>नुवाकोटका आकर्षक योजनाहरु के के छन् ? | १५ |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ कियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति | मणिमुकुन्दसेन उद्यानको वर्णन गर्न । | मणिमुकुन्दसेन उद्यानको अवस्थिति , विशेषता पर्यटकीय महत्त्वको सम्भावना | संपूर्ण कक्षाका बिद्यार्थीहरुलाई मणिमुकुन्दसेन उद्यानको बारेमा ५, ७ मिनेट मौन वाचन गर्न लगाउने ।<br>शिक्षकले १२, १५ वटा हो हाइन उत्तरात्मक वस्तुगत प्रश्नहरु तयार गर्ने ।<br>विद्यार्थीहरुलाई बराबर २ समूहमा विभाजन गर्ने ।<br>बोर्डमा A B गरी २ समूहको खण्ड बनाउने ।<br>शिक्षकले २ थरी बिद्यार्थी हरुलाई आमने सामने गरी उभ्याउने ।<br>दुबै समूहको साइडमा हो होइन कार्ड टास्ने ।<br>शिक्षकले समूहमा प्रश्न सोध्ने र हो या होइन उत्तर अनुसार बस्न लगाउने ।<br>धेरै अङ्क ल्याउने समूहलाई विजयी घोषणा गर्ने । | मणिमुकुन्द सेन उद्यान कहाँ पर्दछ ?<br>यसका ३ वटा बिशेषता के के हुन् ?<br>यो किन पर्यटकीय सम्भावना बोकेको उद्यान हो ? | १० |
| | माघी पर्वको परिचय तथा यसमा गरिने कियाकलापको बारेमा बर्णन गर्न । | बिशेष गरेर थारु जातिले मनाउने माघीपर्बको परिचय तथा कियाकलाप र माघी पर्वमा गरिने भोजनादिको बारेमा बताउन । | प्रथमतः थारु समुदायका विद्यार्थीहरु संग प्रश्नोत्तर बिधिको आधारमा छलफल गरी परिचय लिने प्रयास गर्ने । यो पर्व नया आर्थिक बर्ष को रुपमा मनाउने गरेको तथा यस पर्वमा चेलीबेटीहरु बोलाउने अनि भाइबन्धुहरुको बिचमा शुभकामना आदान प्रदान गरी हासी | माघी पर्व कस्तो पर्ब हो ,<br>माघीमा के कस्ता कियाकलाप गरिन्छन् ?<br>थरु समुदायले माघीमा के कस्तो भोजन गर्ने परम्परा रहेको छ ? | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खुसी प्रफुल्ल मन मष्तिस्कका साथ मनाउने गरेको कुरा शिक्षकले सहजीकरण गर्ने ।<br>यसमा गरिने क्रियाकलाप स्नान ,दानआदिका कुराहरु विद्यार्थी बिच छलफल गराउने तथा अभिनयको रुपमा समेत प्रस्तुत गर्न लगाउने ।<br>माघी पर्वमा गरिने भोजन खिचडी ढिकी लगायतका अन्य परिकारको बारेमा छलफल गर्ने र जानकारी दिने ।<br>((पहेलो भात खाइल थारु बौराइल)) भन्ने उखानको ब्याख्या गर्नुका साथै माघीमा नाच्ने झुमडा नाच प्रदर्शन गरी देखाउने । | माघीमा गरिने बिशेष नाचको नाम के हो ? | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| **हाम्रो आस्था** | विद्यार्थीहरुले लोकायत दर्शनको परिचय विशेषता बताउन | विद्यार्थीहरुले लोकायत दर्शनको परिचय विशेषता र यसले समाजलाई दिने सन्देश बताउन | अन्य दर्शनहरु जस्तै लोकायत पनि एउटा धर्म दर्शन हो।<br>अनिश्वरबादी चार्बाक दर्शनको रुपमा प्रतिपादित यसको प्रतिपादन कसबाट भएको हो ।<br>विद्यार्थीबिच छलफल गराउने । आबश्यकता अनुसार शिक्षकले विद्यार्थीलाई सहजीकरण गर्ने र निष्कर्ष दिने ।चार्बाकको अर्थ चारु मिठो बाक् बोली भएकोले लोकको सुन्दरतामा निहित दर्शन हो भन्ने कुरा प्रष्ट पार्ने ।छलफल पछि विद्यार्थीहरुलाई समूहमा विभाजन गर्ने र यसका विशेषताहरु सुहमा छलफल गरी टिपोट गर्न | लेकायत दर्शन भनेको के हो ?<br>चर्बाक दर्शनका ब्याख्याता को हुन्?<br>चार्बाक दर्शनका कुनै २ वटा विशेषता उल्लेख गर्नु होस् ।<br>यो दर्शनले समाजलाई कस्तो सन्देश दिएको छ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाई प्रस्तुत गर्न लगाउने ।शिक्षकले आबश्यकता अनुसार सहजीकरण गर्ने ।यसले दिन खोजेको सन्देश के हो ? ब्यापक छलफल गरी जीवन कालमै स्वर्गीय आनन्द लिन सकिने कुरासन्देशको रुपमा ग्रहण गर्न विद्यार्थी लाई प्रेरित गर्ने । | | |

## विषयवस्तुको विस्तृतीकरण
## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| संघसंस्थाहरु | नीलकण्ठधामको महत्त्व बताउन । | निलकण्ठधामको अवस्थिति मुख्य आकर्षण विशेषता र सांस्कृतिक सन्देस बताउन । | विद्यार्थीहरुलाई ४ ,४ जनाको समूह हुनेगरी समूहमा विभाजन गर्नृे र नीलकण्ठधामको अवस्थिति आकर्षण विशेषतार सन्देशहरु समेटिएको पाठ मौन वाचन गर्न लगाउने ।<br>सबै समूहलाई place mate method को डिजाइन तयार गरी न्यूजप्रिन्ट बितरण गर्ने आ आफ्नो जानकारी लेख्न लगाउने ।<br>सबैलाइ्र सारसंक्षेप तयार गर्न लगाउने।<br>पालैपालो समूहकार्य प्रस्तुत गर्न लगाउने ।<br>आबश्यकताअनुसार प्रस्तौतालाई शिक्षकले पृष्ठपोषण दिने ।<br>योजना बनाई विद्यार्थीहरुलाई नीलकण्ठधामको अध्ययन भ्रमणमा लैजाने । | नीलकण्ठधाम कहाँ अवस्थित छ ?<br>नीलकण्ठधामको मुख्य ३ आकर्षण के के हुन् ?<br>नीलकण्ठधामका कुनै ३ सांस्कृतिक सन्देश बताउनु होस् । | १० |
| | मुक्तिनाथ धामको महत्व बताउन । | मुक्तिनाथधामको अबस्थिति मुख्य आकर्षण बिशेषता र सांस्कृतिक शन्देस बताउन । | विद्यार्थीहरुलाई ४ ,४ जनाको समूह हुनेगरी समूहमा विभाजन गनृे र मुक्तिनाथधामको अवस्थिति आकर्षण विशेषता र सन्देशहरु | मुक्तिनाथधाम कहा अवस्थित छ ?<br>मुक्तिनाथधामको मुख्य ३ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समेटिएको पाठ मौन वाचन गर्न लगाउने । सबै समूहलाई place mate method को डिजाइन तयार गरी न्यूजप्रिन्ट बितरण गर्ने आ आफ्नो जानकारी लेख्न लगाउने । सबैलाइृ सारसंक्षेप तयार गर्न लगाउने। पलैपालो समूहकार्य प्रस्तुत गर्न लगाउने । आबश्यकताअनुसार प्रस्तौतालाई शिक्षकले पृष्ठपोषण दिने । योजना बनाई विद्यार्थीहरुलाई मुक्तिनाथधामको अध्ययन भ्रमणमा लैजाने | आकर्षण के के हुन् ? मुक्क्तिनाथधामका कुनै ३ सांस्कृतिक सन्देश बताउनु होस् । | |
| | सिद्धबाबाधामको महत्व बताउन । | सिद्धबाबाधामको अवस्थिति मुख्य आकर्षण विशेषता र सांस्कृतिक सन्देस बताउन । | विद्यार्थीहरुलाई ४ ,४ जनाको समूह हुनेगरी समूहमा बिभाजन गर्नेर सिद्धबाबाधामको अवस्थिति आकर्षण बिशेषता र शन्देशहरु समेटिएको पाठ मौन बाचन गर्न लगाउने । सबै समूहलाई place mate method को डिजाइन तयार गरी न्यूजप्रिन्ट बितरण गर्ने आ आफ्नो जानकारी लेख्न लगाउने ।<br><br>सबैलाइृ सारसंक्षेप तयार गर्न लगाउने। पलैपालो समूहकार्य प्रस्तुत गर्न लगाउने । आबश्यकताअनुसार प्रस्तौतालाई शिक्षकले पृष्ठपोषण दिने । भर्तृहरि को तपोभूमि सिद्धबाबाको अवलोकन भ्रमण योजना बनाई विद्यार्थीहरुलाई सिद्धबाबाधामको अध्ययन भ्रमणमा लैजाने । | सिद्धबाबाधाममा तपस्या गर्ने तपस्वी को थिए ? सिद्धबाबाधाम कहाँ अवस्थित छ ? सिद्धबाबाधामको मुख्य ३ आकर्षण के के हुन् ? सिद्धबाबाधामका कुनै ३ सांस्कृतिक सन्देश बताउनु होस् | १० |
| | पर्रोहा परमेश्वर बोलबमधामको महत्व बताउन । | पर्रोहा परमेश्वर बोलबमधामको अवस्थिति मुख्य आकर्षण विशेषता र सांस्कृतिक सन्देस बताउन । | विद्यार्थीहरुलाई ४ ,४ जनाको समूह हुनेगरी समूहमा बिभाजन गर्ने पर्रोहा परमेश्वर बोलबमधामको अवस्थिति आकर्षण विशेषता र सन्देशहरु समेटिएको पाठ मौन बाचन गर्न लगाउने ।सबै समूहलाई place mate method को डिजाइन तयार गरी न्यूजप्रिन्ट | पर्रोहा परमेश्वर बोलबमधाम कहा अबस्थित छ ? पर्रोहा परमेश्वर बोलबमधामका मुख्य ३ आकर्षण के के हुन् ? पर्रोहा परमेश्वर | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बितरण गर्ने आ आफ्नो जानकारी लेख्न लगाउने ।सबैलाइ सारसंक्षेप तयार गर्न लगाउने। पलैपालो समूहकार्य प्रस्तुत गर्न लगाउने । आबश्यकताअनुसार प्रस्तौतालाई शिक्षकले पृष्ठपोषण दिने ।पर्रोहा परमेश्वर बोलबमधामको अबलोकन भ्रमण योजना बनाइ विद्यार्थीहरुलाइ बोलबम धामको अध्ययन भ्रमणमा लैजाने । | बोलबमधामका कुनै ३ सांस्कृतिक सन्देश बताउनु होस् | |

विषय विस्तृतीकरण

कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयबस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण कियाकलाप | सम्भावित मूल्याङ्गन प्रकिया | पा.भ. |
|---|---|---|---|---|---|
| योग | उल्लेखित ७ प्रकारका योगहरुको परिचय दिन<br>१. जानु शीरासन<br>२. पादहस्तासन<br>३. पादचालनासन<br>४. त्रिकोणासन<br>५. मयुरासन<br>६. ताडासन र<br>७. शीर्षासन | उल्लेखित ७ प्रकारका योगहरुको परिचय दिन<br>१. जानु शीरासन<br>२. पादहस्तासन<br>३. पादचालनासन<br>४. त्रिकोणासन<br>५. मयुरासन<br>६. ताडासन र<br>७. शीर्षासन को त्रित्रसहित परिचय दिन | शिक्षकले योगासनका ७ प्रकारहरुमध्ये जानुशीरासन लाई कक्षाका सबै विद्यार्थीहरुले सुन्न सक्ने गरी उच्चारण गर्दै बोर्डमा चित्रसहित लेखिदिने र यसको चिनारी प्रष्ट पार्ने विद्यार्थीहरुलाई यसरी प्रस्तुत अन्य छ योगासनहरुको क्रमिक रुपमा मौखिक, लिखित र चित्रात्मक परिचय र अभ्यास गराउने । | प्रस्तुत ७ योगासन मध्ये कुनै ४ को नाम लेख्नुहोस् । जानु शीरासनलाई सचित्र स्पष्ट पार्नुहोस | १० |
| | उल्लेखित ७ योगासनको फाइदा र महत्त्व बताउन । | प्रस्तुत योगका फाइदा र महत्त्व बताउन | जानु शीरासन मुख्या फाईदा शिक्षकले सबै विद्यार्थीहरुले स्पस्टसँग सुन्न सक्ने गरी कक्षाको पाटीम लेखिदिने र विद्यार्थीहरुलाई सार्न लगाउने । मौखिक र लिखित अभ्यास गराउने । प्रस्तुत अन्य योगासनहरुको फाइदा र महत्व लाई क्रमिक रुपमा अभ्यास गराई स्पष्ट पार्ने | जानुशीरासनका मुख्य फाईदाहरु बताउनुहोस । जानुशीरासनको महत्व स्पष्ट पार्नुहोस । यसलाई आफ्नो गृहकार्य पुस्तिकामा चित्रसहित लेखेर ल्याउनुहोस । | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | योगासनका ७ वटै प्रकारहरुको अभ्यास गरेर प्रदर्शन गर्न । | योगासनका प्रस्तुत सात वटै प्रकारहरुलाई विद्याथीहरुले योगाभ्यास प्रयोग गरी देखाउन | विद्यार्थीहरुलाई सफा चौरमा लगेर वा घरबाट म्याट या दरी ल्याउन लगाएर शिक्षकले उचित तरिकाले आसनमा बस्न लगाई पहिला आफुले नमुना अभ्यास गर्ने र क्रमश उनीहरुलाई अनुकरणात्मक अभ्यास गर्न लगाउने । अभ्यास गराउदै जाँदा केही विद्याथीले छिटो सिक्ने हुनाले तिनलाई अगुवा बनाई गर्न र अरुलाई तिनका पछाडि हेरेर अनुकरणात्मक अभ्यास गर्न लगाउने । शिक्षकले निरीक्षण गर्ने । विराएका विद्यार्थी लाई क्रमश : सुधारात्मक सिकाइ अभ्यास गराउँदै अभ्यस्त बनाउने । | योगाभ्यासका ७ वटा प्रकारहरुलाई क्रमैसित अभ्यास गरेर देखाउनुहोस् । | १० |

## विषय विस्तृतीकरण

## कक्षा ८

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण कियाकलाप | सम्भावित मूल्याङ्कन प्रकिया | पा.भा. |
|---|---|---|---|---|---|
| प्राकृतिक चिकित्सा पद्धति र जडी बुटी | एक्युपङ्चर र एक्युप्रेसर उपचार पद्धतिको व्याख्या गर्न । | एक्युपङ्चर र एक्युप्रेसर उपचार पद्धतिको प्रकिया सतर्कता र सन्चो हुन सक्ने रोगहरु बताउन । | शिक्षकले एक्युपङ्चरको तस्विर प्रदर्शन गरी एक्युपङ्चरको जानकारी दिने ।<br>एक्युपङ्चरको प्रयोग बिधि छलफल बिधि द्वारा प्रष्ट पार्ने ।<br>एक्युपङ्चर प्रयोगमा ध्यान दिनु पर्ने कुराहरुको बिषयमा छलफल गर्ने ।<br>एबं रीतले एक्युप्रेसरको तस्बिर प्रदर्शन गर्दै आबश्यक जानकारी प्रस्तुत गर्ने ।<br>प्रयोग बिधि स्पष्ट गर्ने।<br>अपनाउनु पर्ने सतर्कताको बारे चर्चा गर्ने । | एक्युपङ्चर कसरी प्रयोग गरिन्छ ?<br>यसको प्रयोग बाट कुन कुन रोग निको पार्न सकिन्छ ?<br>एक्युप्रेसर कस्तो पद्वति हो ?<br>एक्युप्रेसरबाट सन्चो हुन सक्ने कुनै ३ रोगको नाम भन्नु होस् । | १० |
| | अपामार्ग, सिस्नो, मरहट्टी , निर्गुण्डी, अश्वगन्धा ,पिपला, चिनीलहरो आदिको पहिचान र उपयोग | विद्यार्थीहरुले अपामार्ग, सिस्नो, मरहट्टी , निर्गुण्डी, अश्वगन्धा ,पिपला, चिनीलहरो आदिको पहिचान र उपयोग | शिक्षकले नमूनाको लागि अपामार्ग, सिस्नो, मरहट्टी , निर्गुण्डी, अश्वगन्धा ,पिपला, चिनीलहरोजस्ता जडीबुटीहरु कक्षामा लैजाने ।<br>उल्लेखित जडीबुटीहरुको बारेमा बिद्यार्थीहरुलाई | घर वरपर पाइने कुनै ४ गुणकारी जडीबुटीको नाम लेख्नुहोस् । ?<br>मरहट्टी प्रयोग प्राय के का | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बताउन । | सोध्ने ।<br>देखे नदेखेका सबै बिद्यार्थीहरुलाई जडीबुटी छुन छाम्न दिई पहिचान गराउने ।<br>प्रश्नोत्तर बिधिकै माध्यमबाट उल्लेखित जडी बुटीहरुको उपादेयता बताउने ।<br>आ आफ्नो घर पाखा वरिपरि पाइने गुणकारी अन्य जडीबुटीको बारेमा कक्षामा छलफल चलाउने । नयाँ गुडकारी जडीबुटी पत्ता लगाउने विद्यार्थीलाई प्रोत्साहन गर्ने तथा अन्यलाई उत्प्रेरित गर्ने । | लागि गरिन्छ ?<br>पिपला कुन कुन रोगको उपचारको लागि प्रयोग गरिन्छ ? | |

पाठ्यक्रमको ढाँचा

(क) प्राथमिक तह पाठ्यक्रम ढाँचा कक्षा १–३

| क.सं | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० |
| ५ | विज्ञान स्वस्थ्य र शारीरिक कला | ५ | १०० |
| ६ | स्थानीय विषय "हाम्रो बुटवल" | ४ | १०० |
| | जम्मा | ३४ | ६०० |

(ख) प्राथमिक तह पाठ्यक्रम ढाँचा कक्षा ४–५

| क.सं | िबषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन | ५ | ७५ |
| ५ | सिर्जनात्मक कला | ३ | २५ |
| ६ | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ४ | ५० |
| ८ | स्थानीय विषय "हाम्रो बुटवल" | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

(ग) पाठ्यक्रम ढाँचा साधारण शिक्षा ( कक्षा ६–८ )

| क.सं | िबषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ५० |
| ७ | नैतिक शिक्षा | २ | ५० |
| ८ | पेसा व्यवसाय र प्रविधि शिक्षा | ५ | १०० |
| ९ | स्थानीय विषय "हाम्रो बुटवल" | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

(घ) शिक्षाको माध्यम

विद्यालयमा शिक्षाको माध्यम भाषा विषयमा बाहेक नेपाली वा अंग्रेजी दुबै भाषा हुनसक्ने कुरा प्राथमिक शिक्षा पाठ्यक्रमले व्यवस्था गरेको छ । सो अनुसार स्थानीय विषय “हाम्रो बुटवल” को पठन पाठन नेपाली वा अंग्रेजी दुबै भाषामा हुन सक्ने छ ।

(ङ) पठन पाठनको समय

एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठन पाठन सन्चालन हुनेछ । यस हिसावले स्थानीय बिषय **“हाम्रो बुटवल”** को कक्षा १–५मा कूल पाठ्यभार १२८ हुनेछ र ६–८मा कूल पाठ्यभार १६०हुनेछ । यसरी ४५ मिनेटको समयलाई एक घण्टी मानी स्थानीय विषय **“हाम्रो बुटवल”** विषयको कक्षा सन्चालन पाठ्यभारमा उल्लेखित समय अनुसार गर्नुपर्ने हुन्छ ।

(च) शिक्षण विधि ⁄ प्रक्रिया

आधारभूत तहमा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापमा विशेष जोड दिई सिकाइलाई अगाडि बढाइने छ । विद्यार्थीलाई बढी भन्दा बढी क्रियाशील बनाई शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । प्रश्नोत्तर ,छलफल,अवलोकन, jigsaw, fishbowl, placemate हो होइन खेल विधि, क्षेत्र भ्रमण लगायतका शिक्षण विधिको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलापले शिक्षामा व्यबहारिकपन तथा जीवनोपयोगी सीप आर्जन गर्न मदत पुग्नुका साथै वालवालिकाको प्रतिभा प्रस्फुटनमा सहयोग पुग्दछ । शिक्षण सिकाइलाई दिगो र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग निरन्तर भै रहनु पर्ने कुरामा शिक्षक सजग हुनु पर्ने छ ।

(छ) विद्यार्थी मूल्याङ्कन

- १– सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा सिकाइ उपलव्धि प्राप्त गर्न वालवालिकाहरुलाई पटक पटक सिकाइ अवसर प्रदान गरिने छ ।
- २– कक्षा १–३ मा निरन्तर मूल्याङ्कन पद्धतिको आधारमा कक्षोन्नति गरिने छ ।
- ३–कक्षा ४–५मा ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धतिको आधारमा र ५० प्रतिशत वार्षिक परीक्षा प्रणालीको आधारमा जाँच लिने व्यबस्था मिलाइने छ ।
- ४–विविध सिकाइ आवश्यकता भएका वालवालिकाको लागि उपयुक्त हुने मूल्याङ्कन पद्धतिको छनौट गरी मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने छ ।
- ५–आधारभूत तह कक्षा ६ र ७ मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको लेखाजोखा गर्नुपर्ने छ । निरन्तर मूल्याङ्कन अन्तर्गत प्रयोगात्मक कार्य , कक्षामा विद्यार्थीको सहभागिता , सिकाइ व्यबहारमा आएको परिवर्तन तथा सिर्जनात्मक कार्यहरुलाई आधार बनाइनु पर्दछ ।